# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक ६५ | काठमाडौं | शनिबार, १३ असार २०८३ | Prabhab National Daily | Saturday, 27 June 2026 | www.prabhabonline.com | पृष्ठ ६ | मूल्य रू. ५।-


## 'फिफा'को निलम्बनपछि अन्योलमा नेपाली फुटबल




■ मुना कार्की

**काठमाडौं–** विश्वसँगै नेपालको सहरदेखि गाउँगाउँसम्म विश्वकप फुटबल प्रतियोगिता २०२६ को चर्चा चलिरहँदा यतिबेला नेपाली फुटबल क्षेत्रमा भने अन्योलता छाएको छ। अन्तर्राष्ट्रिय फुटबल महासंघ (फिफा)ले अखिल नेपाल फुटबल संघ (एन्फा)लाई निलम्बन गरेसँगै नेपाली फुटबल क्षेत्रमा अन्योलता छाएको हो।

फिफा काउन्सिल ब्युरोले फिफा विधानको धारा १४ बमोजिम एन्फालाई अर्को सूचना जारी नहुँदासम्मका लागि निलम्बन गर्ने निर्णय गरेको छ। एन्फाको निर्वाचन प्रक्रिया, राष्ट्रिय खेलकुद परिषद्का निर्णयहरू तथा सरकारी निकायको हस्तक्षेप भएको भन्दै फिफाले विस्तृत समीक्षा गरेको थियो। राष्ट्रिय फुटबल संघहरू स्वतन्त्ररूपमा सञ्चालन हुनुपर्ने र कुनै पनि सरकारी वा बाह्य निकायको हस्तक्षेप हुन नहुने फिफाको मान्यता छ।

२०७९ असार ६ गते निर्वाचित पंकजविक्रम नेम्वाङको वर्तमान कार्यसमितिले समयअगावै निर्वाचनको मिति सार्वजनिक गरेपछि एन्फाभित्र विभिन्न विवाद हुँदै आएको थियो। वर्तमान कार्यसमितिले बहुमतका आधारमा गत पुस १६ गते जिल्ला र प्रदेशको निर्वाचन नै नगरी गत चैत १३ गते केन्द्रीय निर्वाचनको मिति सार्वजनिक गरेपछि विवाद

> फिफाबाट एन्फा निलम्बन हुनु नेपाली फुटबलका लागि अप्रिय घटना हो। अब दुवैपक्ष आपसी संवाद र सहकार्यबाट समस्या समाधानतर्फ अघि बढ्नुपर्छ। नेपाली फुटबलप्रति आमसमर्थकको ठूलो आकर्षण छ। त्यसैले नेपाली फुटबललाई थप क्षति पुग्न नदिन सबै सरोकारवाला पक्ष मिलेर समाधान गर्नुपर्छ।
>
> ■ **राजुकाजी शाक्य**
> **फुटबल प्रशिक्षक**

झन लम्बिएको थियो।

यस विषयमा फिफा र एएफसीले कुनै आपत्ति नजनाएपछि एन्फाले जबर्जस्ती चुनावी प्रक्रिया अगाडि बनाउने कोसिस गऱ्यो। यही विवादबीच सरकारको नियमनकारी निकाय राष्ट्रिय खेलकुद परिषद्ले विधानविपरीत भएको भन्दै निर्वाचन प्रक्रिया रोक्नका लागि निर्देशनसमेत दियो। त्यसबीच एन्फाका केही कार्यसमिति सदस्यहरूले निर्वाचन प्रक्रियाविरुद्ध उजुरी दिएका थिए। यसै क्रममा पाटन उच्च अदालतले निर्वाचन गतिविधि रोक्न अन्तरिम आदेश जारी गरेको थियो भने राष्ट्रिय खेलकुद परिषद्ले एन्फालाई राष्ट्रिय खेलकुद विकास ऐनअनुसार विधान संशोधन गर्न निर्देशन दिएको थियो।

⏭ क्रमशः पृष्ठ २ मा

# चितवन महाधिवेशनबाट रास्वपा संस्थागत

- रवि लामिछानेको नेतृत्वमा चुनियो नयाँ कार्यसमिति
- सभापति लामिछाने र उपसभापतिमा डा. स्वर्णिम वाग्ले निर्विरोध निर्वाचित
- निर्वाचनबाट रविका विश्वासपात्र विपिन महामन्त्रीमा निर्वाचित, वालेन्द्रसँग नजिकिँदा मनिषलाई घाटा

■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को प्रथम महाधिवेशन नयाँ नेतृत्व चयन गर्दै सम्पन्न भएको छ। चितवनको भरतपुरस्थित गेस्टहाउसचौरमा असार ७ गते उद्घाटन भएको महाधिवेशनको बन्दसत्र भने चितवन उद्योग वाणिज्य महासंघको भवनमा भएको थियो। तीन दिनमा सम्पन्न गर्ने भनिएको महाधिवेशन शुक्रबारसम्म लम्बिएको थियो।

प्रथम महाधिवेशनले सभापतिमा रवि लामिछानेलाई निर्विरोध निर्वाचित गरेको छ। उपसभापतिमा डा. स्वर्णिम वाग्ले पनि निर्विरोध निर्वाचित भए। प्रधानमन्त्री वालेन्द्र शाहलाई भने सभापति लामिछानेले वरिष्ठ नेतामा मनोनीत गर्ने भएका छन्। नवनिर्वाचित सभापति लामिछानेले शुक्रबार शपथ लिएका छन्।

पदाधिकारी चयनका लागि भएको दोस्रो चरणको निर्वाचनमार्फत पार्टीको शक्तिशाली पद महामन्त्रीमा विपिनकुमार आचार्य निर्वाचित भएका छन्। आचार्य सभापति लामिछानेका विश्वासपात्र हुन्। शुक्रबार भएको निर्वाचनमा आचार्य ६७३ मत पाउँदै महामन्त्रीमा निर्वाचित बनेका हुन्। उनका निकटतम प्रतिद्वन्द्वी मनिष झाले ३४६ मत पाए।

रास्वपामा मधेस फ्याक्टरलाई सम्बोधन गर्न भन्दै झालाई महामन्त्री बनाउने तयारी गरे पनि त्यो सफल हुन सकेन। प्रवक्ताको जिम्मेवारीमा रहेका झा पछिल्लोपटक प्रधानमन्त्री शाहसँग नजिकिएका थिए। जसले पनि महामन्त्रीमा निर्वाचित हुने उनको बाटो बन्द भएको बताइएको छ।

आचार्य सभापति लामिछानेसँग ग्यालेक्सी टेलिभिजनमा क्रिएटिभ डाइरेक्टरको रूपमा आवद्ध थिए। फागुन २१ गतेको निर्वाचनमा दाङ क्षेत्र नम्बर २ बाट एमाले महासचिव शंकर पोखरेललाई हराउँदै प्रतिनिधिसभामा निर्वाचित उनी बायोटेक इन्जिनियर हुन्।

यसअघिको कार्यसमितिमा सहमहामन्त्री रहेका आचार्यले समानुपातिक सूचीबाट आफ्नो नाम हटाएर प्रत्यक्षमा भिडेका थिए। निर्वाचित भएपछि उनले सबैलाई धन्यवाद दिँदै महाधिवेशनबाट पार्टी संस्थागत भएको बताएका छन्। 'चार वर्ष पहिले उदाएको पार्टी आजबाट संस्थागत भएको छ। जुन अपेक्षा नेपाली नागरिकले राख्नुभएको छ। त्यही अपेक्षामा खरो उत्रिएर पार्टीलाई अझ बढी पारदर्शी र अझ बढी विधिसम्मत र पार्टीलाई नागरिकप्रति उत्तरदायी बनाउने दिशामा महामन्त्रीका रूपमा मेरो भूमिका रहने छ,' महामन्त्रीमा निर्वाचित भएपछि आचार्यले भने।

महामन्त्रीमा राजु पाण्डेदेखि रञ्जु दर्शनासम्मले दाबी गर्दा निवर्तमान महामन्त्री कविन्द्र बुर्लाकोटीले उम्मेदवारीबाट नाम झिकेका थिए। पछि आचार्य, झा, गणेश कार्की र सागर ढकालबीच प्रतिस्पर्धा भएको थियो।

⏭ क्रमशः पृष्ठ २ मा


**रवि लामिछाने**
सभापति


**डा. स्वर्णिम वाग्ले**
उपसभापति


**सोबिता गौतम**
उपसभापति


**विपिन आचार्य**
महामन्त्री


**असिम शाह**
सहमहामन्त्री


**हरि ढकाल**
सहमहामन्त्री


**निशा डाँगी**
सहमहामन्त्री

वरिष्ठ नेता, उपसभापति (१), महामन्त्री (१), सहमहामन्त्री (२), प्रवक्ता (१), सहप्रवक्ता (३), कोषाध्यक्ष (१), सहकोषाध्यक्ष (२) र केन्द्रीय सदस्य ५१ जना सभापतिबाट मनोनीत हुन बाँकी।

### महाधिवेशनबाट निर्वाचित ९९ केन्द्रीय सदस्य

डा. स्वर्णिम वाग्ले, सोविता गौतम, शिशिर खनाल, सागर ढकाल, डा. तोसिमा कार्की, रञ्जु दर्शना (न्यौपाने), हरि ढकाल, कविन्द्र बुर्लाकोटी, विपिनकुमार आचार्य, रमेश प्रसाईं, निशा डाँगी, गणेश पराजुली, पुकार बम, जगदीश खरेल (ललितपुर), सुलभ खरेल, यज्ञमणि न्यौपाने, सस्मित पोखरेल, राजुनाथ पाण्डे, राजीव खत्री, समीक्षा बाँस्कोटा, गणेश कार्की, हिमेश पन्त, जगदीश खरेल (दोलखा), लीमा अधिकारी आचार्य, सुशान्त वैदिक, सुदीप ढकाल, हेमराज भट्ट, प्रदीप विष्ट, डिल्लीश्वोर कार्की, प्रकृति ढकाल, टीका संग्रौला (ज्वाला), क्रान्तिशिखा धिताल, जमुना शर्मा, सुशीला कार्की पोखरेल, विश्वराज पोखरेल, शोभा कार्की, कल्पना थापा बस्नेत, सुष्मा बस्नेत, प्रभा ढकाल, विदुषी राणा, आकांक्षा पोखरेल, पार्वती थापा, पवित्रा थापा, मनिष खनाल, सागर भुसाल, सोम शर्मा, कल्पना पाण्डे, संगिता ढकाल, ज्ञानु पौड्याल, देवराज पाठक, सर्मिला खनाल, विनिता कठायत, मेनुका शाही, प्रकाश न्यौपाने, हेमराज थापा, केपी खनाल, दीपकराज बोहरा, जानीका जोशी, चन्द्र ऐर चाँदनी, प्रमोद न्यौपाने।

**आदिवासी जनजाति**

विराजभक्त श्रेष्ठ, इन्दिरा राना मगर, मिलन लिम्बू, शंकर श्रेष्ठ, मिङमाडण्डु शेर्पा, महेश लामा, कृष्णमान श्रेष्ठ, आशिका तामाङ, अनुष्का श्रेष्ठ, निशा श्रेष्ठ, कुशुम महर्जन, सुजाता तामाङ, अनिता श्रेष्ठ, विष्णुकुमारी गुरुङ, टासी ल्हाजोम

**मधेसी**

मनिष झा, असिम साह, निशा मेहता, बब्लु गुप्ता, अरविन्द साह, दिपककुमार साह, जुली यादव, कामनीकुमारी चौधरी, सुनिताकुमारी यादव, नमिता यादव, मञ्जु सिंह, अंकितकुमार यादव।

**दलित**

रिमा विश्वकर्मा, खगेन्द्र सुनार, विजय जैरु, शिव नेपाली, सविना बिक, खिमा बिक, सिता वादी।

**थारु**

गीता चौधरी, करिष्मा कठरिया, अशोकुमार चौधरी।

**मुस्लिम**

समिना मियाँ, रहवर अन्सारी।

## गुटको हल्लालाई चिरेको सभापति लामिछानेको दाबी

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सभापति रवि लामिछानेले पार्टीको प्रथम महाधिवेशनमा चलेको गुटको हल्लालाई चिरेको दाबी गरेका छन्। शुक्रबार सभापति पदको शपथ लिँदै लामिछानेले नयाँ र पुरानोको विषयसमेत सकिएको बताए।

'निर्वाचनमा पुराना, नयाँ सबैलाई जिम्मेवारी प्रतिनिधिले दिएको अवस्था छ, यहाँ कसैले गुट बनाएको हल्लालाई यसले चिरेको छ, यसले थप जिम्मेवारी दिएको छ। नयाँ र पुरानाको विषय अब सकिएको छ,' उनले भने, 'अब कतै कसैले केही तुस राख्न पाइने छैन। पार्टी अब परिपक्व बन्यो, असल राजनीतिक चरित्र बनाएर जानका लागि मार्गप्रशस्त बनाएको छ।'

लामिछानेले पार्टीका नेता र सांसदहरूले व्यक्त गर्ने धारणामा विशेष ख्याल गर्न आग्रह गरे। 'हामीका सबै अभिव्यक्ति सबैले ध्यान दिएर बसेको अवस्था छ, यसबारे विशेष ध्यान दिनुपर्ने छ, हामी त्यसमा सचेत छौं, धेरै भरोसा मतदाताले गरेका छन्, आम नेपालीले गरेका छन्।

⏭ क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

# ११ महिनामा १४ सयभन्दा बढी श्रमिकले गुमाए विदेशमा ज्यान

■ प्रभाव संवाददाता

**काठमाडौं–** चालु आर्थिक वर्षको ११ महिनामा वैदेशिक रोजगारीमा गएका एक हजार ४०० भन्दा बढी श्रमिकले ज्यान गुमाएका छन्। वैदेशिक रोजगार बोर्डका अनुसार गत साउनदेखि जेठ मसान्तसम्मको अवधिमा एक हजार ४३८ जनाको मृत्यु भएको हो। जेठ महिनामामात्रै १४४ जना श्रमिकको ज्यान गएको छ।

उक्त ११ महिनामा बोर्डले ४७९ जनाको शव नेपाल झिकाइदिएको छ भने ९०५ जनाको शव उनीहरूको घरसम्म ढुवानी गरिदिएको छ। गत जेठ महिनामामात्र ४२ वटा शव झिकाएको र १०३ वटा शव ढुवानी गरेको बोर्डको तथ्यांक छ।

रोजगारीमा जाने श्रमिकको हृदयघात, कार्यस्थल तथा सडक दुर्घटना, आत्महत्या तथा अन्य कारणले मृत्यु हुने गरेको छ। यस्तो संख्या धेरै श्रमिकहरू जाने मलेसिया, साउदी अरब, संयुक्त अरब इमिरेट्स, कतारलगायतका मुलुकमा बढी भएको पाइन्छ। बोर्डले रोजगारीमा गएका श्रमिकको करार अवधिभित्रै या करार सकिएको एक वर्षभित्र मृत्यु भए १० लाख रूपैयाँ आर्थिक सहायता दिँदै आएको छ।



> - साउनदेखि जेठ मसान्तसम्मको अवधिमा एक हजार ४३८ जनाको मृत्यु वैदेशिक रोजगार बोर्डको तथ्यांक
> - जेठ महिनामामात्रै १४४ जना श्रमिकको मृत्यु
> - हृदयघात, कार्यस्थल तथा सडक दुर्घटना, आत्महत्यालगायत कारण मृत्यु हुने गरेको जानकारी

बोर्डले चालु आवमा १९४ जनाको उद्धार तथा खोजतलास गरेको जनाएको छ। विदेशमा कानुनी सजाय पाएका, दुर्घटनामा परेका तथा विभिन्न समस्याले स्वदेश फर्किन समस्या भएका कामदारको उद्धार तथा खोजतलास गर्दै आएको छ। गएको एक महिनामा २० जना श्रमिकको उद्धार गरिएको छ।

रोजगारीमा गएका श्रमिकका परिवारका सदस्य करार अवधिभित्र गम्भीर प्रकृतिका बिरामी परेर उपचार गराउन आर्थिक समस्या भए बोर्डले एक पटक ५० हजार रूपैयाँसम्म उपचार खर्च दिन्छ। परिवारमा कसैलाई पार्किन्सन, क्यान्सर, मिर्गौला प्रत्यारोपण, मुटुको शल्यक्रिया तथा अल्जाइमरजस्ता गम्भीर प्रकृतिका रोग लागे यस्तो सहयोग पाइन्छ। यो ११ महिनामा ४३३ जनाले पारिवारिक औषधि उपचार खर्च पाएका छन्। वैदेशिक रोजगारीका क्रममा अंगभंग तथा गम्भीर बिरामी भएका ९६० जना कामदारले आर्थिक सहायता पाएका छन्। त्यस्तै, एक हजार ५३६ जनाले यस अवधिमा अभिमुखीकरण तालिम लिएका छन्।

बोर्डले श्रमिकका सन्ततिलाई छात्रवृत्तिसमेत दिँदै आएको छ। रोजगारीमा गएका श्रमिकको मृत्यु, अंगभंग या गम्भीर प्रकृतिको रोग लागेर बोर्डबाट सतप्रतिशत सहायता लिएकाहरूको सन्ततिलाई विद्यालयस्तरमा छात्रवृत्ति दिइन्छ। श्रमिकका आधारभूत तहमा अध्ययन गर्ने छोराछोरीलाई वार्षिक १२ हजार रूपैयाँ र माध्यमिक तहमा अध्ययन गर्नेलाई वार्षिक १६ हजार रूपैयाँ दिँदै आएको छ। यस्तो सहायता हालसम्म एक हजार ५३६ जनाले लिएका छन्। गत जेठ महिनामामात्र २७२ जनाले छात्रवृत्ति पाएका छन्।

⏭ क्रमशः पृष्ठ २ मा


## विज्ञापन वापतको रकम भुक्तानी गर्नेबारे अत्यन्त जरुरी सूचना

यस **प्रभाव राष्ट्रिय दैनिक**मा विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएका विज्ञापन एजेन्सी तथा अन्य विज्ञापनदाताहरूले विज्ञापन प्रकाशित गरे वापत हालसम्मको **बाँकी बक्यौता रकम भुक्तानी**का लागि पटक पटक मौखिक तथा लिखित अनुरोध गर्दा पनि भुक्तानी नगर्नु भएकोले यही **मिति २०८३ असार २५ गते**भित्र भुक्तानी गर्नुहुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा मिलान नगरिएमा यस **प्रभाव राष्ट्रिय दैनिक**को रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हालसम्म उपलब्ध गराएको कमिसन सुविधासमेत उपलब्ध गराउन नसकिने तथा रकम भुक्तानी नगर्ने कम्पनी, संस्थाहरूका सञ्चालकको नाम र फोटो सहित सार्वजनिक गरी रकम भुक्तानीका लागि कानून वमोजिम कार्वाही अगाडि बढाइने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ।

लेखा शाखा

**प्रभाव पब्लिकेशन प्रा.लि.**
सिफल-७, काठमाडौं, नेपाल, फोन: ९७७-१-४७७७५७७, ४५८४३६८, मोबाइल नं. ९७६१९७१५४००
Email:Marketing2prabhab@gmail.com

# शुक्रराज ट्रपिकल अस्पताललाई रेबिज खोप प्रदान




**काठमाडौं (प्रस)**– काठमाडौं महानगरपालिकाले शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताललाई एक हजार ८०० भाइल एण्टी रेबिज खोप उपलब्ध गराएको छ । महानगरपालिकाकी कार्यवाहक प्रमुख सुनिता डंगोलले शुक्रबार अस्पताल पुगेर उक्त खोप प्रदान गरेकी हुन् ।

'अस्पतालमा खोप अभाव हुने सम्भावना बढेको सूचना प्राप्त गरेपछि हामीले सम्भावित जनस्वास्थ्यजन्य जोखिम घटाउन अस्पताललाई सहयोग प्रदान गरेका हौं,' खोप प्रदान गर्दै उनले भनिन् । रेबिज जोखिमको कुरा भएकोले खोप प्रदान गरिएको उनले बताइन् ।

'जनावरले टोकेपछि उपचारका लागि जाने सरुवा रोग अस्पताल हो । यसमा लक्षण पर्खिन सकिँदैन । लक्षण देखिएपछि उपचार थालौंला भन्न सकिँदैन । यस्तो जोखिम घटाउन सबैले मिलेर काम गर्नुपर्छ,' डंगोलले भनिन् ।

खरिद प्रक्रियाका कारण खोप अभाव हुनसक्ने देखिएकाले महानगरपालिकासँग सहयोग मागेको अस्पतालका निर्देशक डा. अनुप बाँस्तोलाले बताए । उनले भने, 'अस्पतालमा दैनिक २०० जनाभन्दा बढी व्यक्ति रेबिजविरुद्धको खोप लगाउन आउनुहुन्छ । महानगरपालिकाले प्रदान गरेको खोपले हामी करिब नौ दिनको सेवा सञ्चालन गर्न सक्छौं ।'

माग गरेपछिको सात दिनभित्रै महानगरपालिकाले खोप प्रदान गरेको छ । यसबाट अस्पतालको सेवालाई थप सहज बनाएको डा. बाँस्तोलाको भनाइ थियो । अस्पतालले खोप खरिद प्रक्रियामा रहेको र स्टोरमा मौज्दात खोप न्यून रहेकाले खोपको अभाव हुने परिस्थिति आउन नदिन महानगरपालिकासँग खोप माग गरेको थियो ।

पृष्ठ १ बाट क्रमश:

## चितवन...

कार्कीले १६९, ढकालले १३९ मत पाए भने उम्मेदवारी फिर्ता लिएकी दर्शनाले ३४ मत पाएकी थिइन् ।

### महिला उपसभापति बनिन् सोबिता

खुलातर्फ सभापतिमा अर्थमन्त्रीसमेत रहेका डा. वाग्ले निर्विरोध निर्वाचित हुँदा महिला उपसभापतिमा भने प्रतिस्पर्धा भयो । कानुनमन्त्रीसमेत रहेकी सोबिता गौतम र डा. तोसिमा कार्कीबीचको प्रतिस्पर्धालाई 'कालोकोट' र 'सेतोकोट'को प्रतिस्पर्धा भनेरसमेत नामकरण गरिएको थियो ।

यो प्रतिस्पर्धामा कालोकोटले बाजी मारेको छ । गौतमले ७८९ मत पाउँदा डा. कार्कीले ५७२ मतमात्र पाइन् । गौतम संस्थापनपक्षको साथ लिएर उपसभापतिमा विजयी भएकी हुन् ।

### केन्द्रीय सदस्यमा मन्त्री नै पराजित

रास्वपा केन्द्रीय सदस्यका लागि प्रतिस्पर्धामा ओर्लिएका नौ जना मन्त्रीमध्ये एक जना पराजित भएका छन् । युवा, श्रम तथा रोजगारमन्त्री रामजी यादवले केन्द्रीय सदस्यको निर्वाचनमा ८६९ मतमात्र पाए ।

अर्थमन्त्री वाग्ले, कानुनमन्त्री गौतम केन्द्रीय सदस्यमा निर्वाचित हुँदै उपसभापतिमा निर्वाचित भइसकेका छन् । यसैगरी परराष्ट्रमन्त्री शिशिर खनाल, ऊर्जामन्त्री विराजभक्त श्रेष्ठ, शिक्षामन्त्री सस्मित पोखरेल, स्वास्थ्य मन्त्री निशा मेहता, कृषिमन्त्री गीता चौधरी, महिलामन्त्री सीता वादी पनि केन्द्रीय सदस्यमा निर्वाचित भए ।

प्रधानमन्त्री वालेन्द्र शाहसहित मन्त्रिपरिषद्का छ जना सदस्यले उम्मेदवारी दिएनन् । प्रधानमन्त्री शाह सीधै वरिष्ठ नेतामा मनोनीत हुने भएकाले उनले केन्द्रीय सदस्यमा उम्मेदवारी दिएनन् । त्यस्तै, गृहमन्त्री सुधन गुरूङ र भौतिक पूर्वाधारमन्त्री सुनिल लम्सालले पनि उम्मेदवारी दिएनन् । सुनिल या सुधनमध्ये एकलाई उपसभापतिमा मनोनीत गर्ने तयारी रास्वपाको छ ।

भूमिमन्त्री प्रतिभा रावल, सूचना तथा सञ्चारमन्त्री विक्रम तिमल्सिना, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खड्कराज पौडेल र उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरीकुमारी यादवले पनि उम्मेदवारी दिएनन् । भूमिमन्त्री रावलकी सचिवालय सदस्य आकांक्षा पोखरेल भने केन्द्रीय सदस्यमा निर्वाचित भएकी छन् । चितवनकी २३ वर्षीया पोखरेल सबैभन्दा कान्छी केन्द्रीय सदस्यसमेत बनेकी छिन् ।

दुई वर्ष पत्रकारितापछि राजनीतिमा लागेकी भरतपुर निवासी पोखरेल बागमती प्रदेशको भूगोलतर्फबाट ८८० मत प्राप्त गरी केन्द्रीय सदस्य पदमा विजयी बनेकी हुन् । रास्वपाको स्थापनाकालदेखि नै सक्रिय रहँदै उनी भरतपुर महानगर सदस्य र महानगर कोषाध्यक्षको बनेकी थिइन् ।

### सहमहामन्त्रीमा शाह, ढकाल र डाँगी निर्वाचित

तीन सहमहामन्त्री पदमा असिम शाह, हरि ढकाल र निशा डाँगी विजयी भएका छन् । असिम वालेन्द्र समूहका नेता हुन् । प्रधानमन्त्री शाहका राजनीतिक सल्लाहकारसमेत रहेका उनले सहमहामन्त्रीमा सबैभन्दा धेरै मत पाए ।

शाहले ४७१ मत पाउँदा र ढकालले ४१० मत प्राप्त गरी खुला सहमहामन्त्री पदमा निर्वाचित भए । खुलातर्फका दुई सहमहामन्त्री पदमा ११ जनाको उम्मेदवारी परेको थियो । जसमा पुकार बमले ३३४, रमेश प्रसाईंले ३०७, यज्ञमणी न्यौपानेले ३००, सुलभ खरेलले २९१, अशोककुमार चौधरीले १७९, मिलन लिम्बूले १५१, राजीव खत्रीले १४८, वीरेन्द्र जैरुले ११४ र हिमेश पन्तले ५३ मत पाए ।

एक महिला सहमहामन्त्री पदमा ७३७ मत ल्याएर डाँगी निर्वाचित भइन् । उक्त पदमा उम्मेदवारी दिएकी रिमा विश्वकर्माले २८२, कामिनीकुमारी चौधरीले १४६, विदुषी राणाले ८२ र जुली यादवले ७८ मत पाए ।

### कति मनोनीत गर्न बाँकी ?

सभापति लामिछानेले वरिष्ठ नेतामा वालेन्द्र शाहलाई मनोनीत गर्ने छन् । त्यसैगरी उपसभापति र महामन्त्री एक-एक जना मनोनीत हुन बाँकी छ ।

दुई सहमहामन्त्री, एक प्रवक्ता, तीन सहप्रवक्ता, एक कोषाध्यक्ष र दुई सहकोषाध्यक्ष पनि मनोनीत हुन बाँकी छ । यसैगरी ५१ केन्द्रीय सदस्य पनि सभापति लामिछानेले मनोनीत गर्ने छन् ।

■■■

## गुटको हल्लालाई...

हिजोका दलहरूले जसरी प्रतिशोध साँचे, रास्वपाले त्यसको पुनरावृत्ति गर्नु हुँदैन,' उनले भने । सभापति लामिछानेले महाधिवेशनले पार्टीमाथि लाग्दै आएका विभिन्न राजनीतिक आरोपको जवाफ दिएको दाबी गर्दै रास्वपा विचारविहीन दल भएको आरोपसमेत महाधिवेशनबाट खारेज भएको बताए ।

उनले पार्टीको स्थापनाकालदेखि प्रयोग हुँदै आएको 'जान्नेलाई छान्ने' नारालाई अब परिमार्जन गरिएको जानकारी दिँदै आगामी दिनमा 'जान्ने बनाइ छान्ने' नाराका साथ पार्टी अघि बढ्ने तर्क गरे ।

■■■

## 'फिफा'को...

त्यसपछि राखेपको निर्देशन अवज्ञा गरेको भन्दै गत चैत ११ गते एन्फालाई राखेपले तीन महिनाका लागि निलम्बनसमेत गऱ्यो । पटक-पटक वार्ता गरेपछि राखेपले गत जेठ १ गते निलम्बन फुकुवा गरेको थियो । निलम्बन फुकुवासँगै नेपाली राष्ट्रिय महिला टोलीले भारतमा आयोजना भएको महिला साफ च्याम्पियनसिपमा सहभागिता जनाएको थियो । विभिन्न विवादबीच सहभागिता जनाएको नेपाली महिला टोलीले उल्लेखनीय प्रदर्शन गर्न सकेन । त्यतिबेला नेपाल सेमिफाइनल खेलबाट बाहिरिएको थियो । सेमिफाइनल खेलमा नेपाल बंगलादेशसँग पराजित भएर घर फर्किएको थियो ।

पछिल्लोपटक एन्फाका अध्यक्ष नेम्बाङ र महासचिव किरण राई विश्वकप फुटबल प्रतियोगिताका लागि मेक्सिको प्रस्थान गर्न लाग्दा अध्यागमन विभागले विमानस्थलबाटै फर्काएको थियो । अखिल नेपाल फुटबल संघका प्रवक्ता सुरेश शाहले सरकारले समयमा नै समन्वयको भूमिका निर्वाह गर्नुपर्ने बताए ।

उनले भने, 'फिफाको चाहना सरकार वा कुनै पनि निकायको हस्तक्षेपविना चल्नुपर्ने थियो तर फिफाको विधानविपरीत एन्फा सञ्चालनमा रोक लागेपछि फिफाले निलम्बन गरेको हो । उनले भने, 'जतिसक्दो चाँडो सरकारले यस विषयमा समन्वय गर्न आवश्यक छ । तेस्रो पक्षको हस्तछेप नभएमा फिफाले निलम्बन हटाउन सक्छ । त्यसैले सरकारले यस विषयमा समन्वयकारी भूमिका निर्वाह गर्नुपर्ने आवश्यक छ ।'

राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव रामचरित्र मेहताले फिफाबाट एन्फा निलम्बन हुनु नेपाली फुटबलका लागि दुःखद् घटना भएको बताए । उनले यस अवस्थाको मुख्य जिम्मेवारी एन्फाको वर्तमान कार्यसमितिले लिनुपर्ने धारणा व्यक्त गरे ।

'यस्तो अवस्था आउनसक्ने सम्भावनालाई मध्यजनर गर्दै राखेपले यसअघि एन्फामाथिको निलम्बनसमेत फुकुवा गरेको थियो । नेपाली फुटबललाई अन्तर्राष्ट्रिय प्रतिबन्धको जोखिमबाट जोगाउने उद्देश्यले हामीले लचकता अपनाएका थियौं । तर दुर्भाग्यपूर्ण भएको छ,' उनले भने ।

सदस्यसचिव मेहताले यस विषयमा विशेष छलफल गरेर आगाडि बढ्ने बताए । उनले भने, 'राखेप बोर्ड बैठकमा यस विषयमा गम्भीर छलफल गर्छौं र त्यसपछि फिफासँग आवश्यक संवाद तथा समन्वयको प्रक्रिया अगाडि बढाउँछौं ।' पूर्वखेलाडी तथा फुटबल प्रशिक्षक राजुकाजी शाक्यले फिफाद्वारा एन्फा निलम्बन हुनु नेपाली फुटबलका लागि अत्यन्त दुःखद् घटना भएको बताए । उनले यस विवादलाई लम्ब्याउनुको सट्टा सम्बन्धित सबैपक्ष मिलेर समाधानको बाटो खोज्नुपर्नेमा जोड दिए ।

'फिफाबाट एन्फा निलम्बन हुनु नेपाली फुटबलका लागि अप्रिय घटना हो । अब दुवैपक्ष आपसी संवाद र सहकार्यबाट समस्या समाधानतर्फ अघि बढ्नुपर्छ । नेपाली फुटबलप्रति आमसमर्थकको ठूलो आकर्षण छ । त्यसैले नेपाली फुटबललाई थप क्षति पुग्न नदिन सबै सरोकारवाला पक्ष मिलेर समाधान गर्नुपर्छ,' प्रशिक्षक शाक्यले भने ।

फिफाको यस निर्णयले नेपाली फुटबलमा देखिएको विवाद अन्तर ा्ष्ट्रियस्तरमासमेत गम्भीररूपमा हेरिएको छ । अब एन्फा, नेपाल सरकार, फिफा र एएफसीबीच हुने आगामी संवाद तथा निर्णयले नेपाली फुटबलको भविष्य निर्धारण गर्ने अपेक्षा गरिएको छ । निलम्बन कायम रहुन्जेलसम्म एन्फाका प्रतिनिधि टोली तथा क्लब टोलीहरू अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी हुन नपाउने फिफाले उल्लेख गरेको छ । यस्तै एन्फा वा एन्फासँग सम्बन्धित कुनै पनि सदस्य वा पदाधिकारीले फिफा तथा एएफसीद्वारा सञ्चालित विकास कार्यक्रम, तालिम वा प्रशिक्षणबाट लाभ लिन पाउने छैनन् । *रासस*

■■■

## ११ महिनामा...

यस अवधिमा बोर्डबाट तीन हजार ४१९ जनाले टेलिमेडिसिन सेवा लिएका छन् । विदेशमा रहेकाहरूलाई समय, स्थान र आर्थिक कठिनाइजस्ता कारणले गर्दा स्वास्थ्य जाँच गराउन सहज होस् भनेर यो सेवा सञ्चालन गरिएको हो । यस्तै श्रमाधान कल सेण्टरबाट ३५ हजार २५८ वटा समस्या समाधान गरिएको बोर्डको तथ्यांक छ । गत जेठ महिनामामात्र चार हजार ५८१ वटा समस्या समाधान भएको जनाइएको छ ।


## सूचना

लुम्बिनी प्रदेश तिलोत्तमा १५ निवासी श्रीमती सेती माया गुरुङ (भारतिय भू.पु सैनिक नं. ५४३९३४० पल्टन ४/५ GR बल बहादुर गुरुङका श्रीमती)को नागरीकतामा नामथर सेती माया गुरुङ भएको र पेन्सन अभिलेखमा असारी गुरुङसेनी उल्लेख भएकोले यी दुवै व्यक्ति फरक फरक नभई एकै व्यक्ति भएको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ।

## मोटरसाइकल हराएको सूचना

मिति २०८३/०२/२१ गते ललितपुर जिल्ला, ल.म.न.पा वडा नं.५, लनगखेल विद्युत प्रविधीकरण अगाडि पार्किङ गरिराखिएको अवस्थामा कालो/रातो रङ्को बजाज कम्पनीको पल्सर २२० सि.सि.को मोटरसाइकल अन्दाजी साँझको ७:३० बजेको समयमा हराएको हुँदा भेट्नुहुने अथवा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरी दिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**सवारी धनीको नाम : आशीष कुमार श्रेष्ठ**
**मोटरसाइकल नं. : बा.प्र ०२-०६० प ६२७०**
**च्यासिस नं. : MD2A13EX4SCD85568**
**इन्जिन नं. : DKXCSD31700**
**ठेगाना : दोलखा, शैलुङ गा.पा-८**
**सम्पर्क नं. : ९८४९४९४०९७**

## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष १३ अंक ५५ असार ३ गते २०८३ मा प्रकाशित SUN AND COMPANY PVT. LTD. को White Option Company कम्पनीको विज्ञापनमा Lot No. 343496 तथा चलानी नं.६०२५६८७६ हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराइन्छ ।

SUN AND COMPANY PVT. LTD.
Dhumbarahi, Kathmandu, Nepal Tel : 01 - 4375649,
E-Mail : sunandcom164@gmail.com & bigyan48@yahoo.com
श्रम इजाजत नं. १६८/०५६/०५७

## डिभिजन वन कार्यालय कैलालीको काठ दाउरा लिलाम बिक्री सम्बन्धि सूचना

**प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा दोस्रो पटक प्रकाशित मिति (२०८३/०३/१३)**

डिभिजन वन कार्यालय कैलाली अन्तर्गत कैलाली जिल्ला अदालतबाट मुद्दाको लिलाम आदेश भएका र वेवारिसे काठ यस डि. व. का., स.डि.व.का. को घाटगद्दीमा रहेको साल गोलिया काठ ९११।५३ क्यु। फिट लिलाम बिक्री गर्नु पर्ने भएको हुँदा उक्त काठ दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरि शिलवन्दी वोलपत्रद्वारा लिलाम बिक्री गर्नु पर्ने भएकोले अभिवृद्धि करमा दर्ता भई सुचिकृत भएका स:मिल काष्ठ व्यवसायीहरूले यो सुचना प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा दोस्रो पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र श्री वन निर्देशनालय, सुदूरपश्चिम प्रदेश धनगढी, कैलाली वा यस कार्यालयबाट बोलपत्र खरिद गरि शिलवन्दी वोलपत्र १६(सोह्रौं) दिनमा दिनको ३:०० वजेभित्र डिभिजन वन कार्यालय कैलालीमा दाखिला गर्न यो सूचना आव्हान गरिन्छ । यस सम्वन्धि विस्तृत विवरण सहितको जानकारीको सुचना यस कार्यालय तथा सम्बन्धित अन्य कार्यालयको सूचना वोर्डमा टाँस गरिएको व्यहोरा समेत सुचित गरिन्छ ।

## डिभिजन वन कार्यालय कैलालीको काठ दाउरा लिलाम बिक्री सम्बन्धि सूचना

**प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा दोस्रो पटक प्रकाशित मिति (२०८३/०३/१३)**

डिभिजन वन कार्यालय कैलाली अन्तर्गत धनगढी-१४, स्थित भारताल साझेदारी वन क्षेत्रबाट आ.व. २०८०/०८१ मा ढलापडा रूखहरु संकलन भई धनगढी-१४ स्थित घाटगद्दी रहेको साल गोलिया काठ २४२८।२७ क्यु. फिट, अस्ना गोलिया काठ ४१००।६३ क्यु. फिट, हल्दु गोलिया काठ १२९।१८ क्यु. फिट र जामुन गोलीया काठ १०७।०८ लिलाम बिक्री गर्नु पर्ने भएको हुदा उक्त काठ दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरि शिलवन्दी वोलपत्रद्वारा लिलाम बिक्री गर्नु पर्ने भएकोले अभिवृद्धि करमा दर्ता भई सुचिकृत भएका स:मिल काष्ठ व्यवसायीहरूले यो सुचना प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन भित्र श्री वन निर्देशनालय, सुदूरपश्चिम प्रदेश धनगढी, कैलाली वा यस कार्यालयबाट वोलपत्र खरिद गरि शिलवन्दी बोलपत्र २२ (वाईसौं) दिनमा दिनको ३:०० वजेभित्र डिभिजन वन कार्यालय कैलालीमा दाखिला गर्न यो सूचना आव्हान गरिन्छ । यस सम्वन्धि विस्तृत विवरण सहितको जानकारीको सूचना यस कार्यालय तथा सम्वन्धित अन्य कार्यालयको सूचना वोर्डमा टाँस गरिएको व्यहोरा समेत सूचित गरिन्छ ।

## परिवर्तन सम्बन्धि सूचना
(दोस्रो पटक प्रकाशित मिति: २०८३।०३।१३)

साविकको *Teach Me AI Pvt.ltd.* को मिति २०८३।०३।०८ मा सम्पन्न साधारण सभाको निर्णयानुसार कम्पनि रजिष्ट्रारको कार्यालयबाट कम्पनीको नाम परिवर्तन भई *Hello Nepal Ride Mobility Pvt. Ltd.* कायम गरिएको र साविक कम्पनीको नाममा रहेको सम्पूर्ण सम्पति तथा दायित्व यसै कम्पनीले सकार गर्ने व्यहोरा यसै सूचना मार्फत सम्पूर्ण सरोकारवाला तथा सर्वसाधारणका जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**Hello Nepal Ride Mobility Pvt. Ltd.**
हेलो नेपाल राइड मोबिलिटी प्रा. लि.

## साउदीमा रोजगार

कम्पनी : S PACK PLASTIC FACTORY COMPANY — शेवा शुल्क: नि:शुल्क
पूर्व स्वीकृति मिति : २०८३/०३/११ — LT. No. 344081 — चलानी नं. ६०२५७३६१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packaging Worker | 5 | 0 | 1200 | ४८,३३१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार १९ गते (3rd Jul. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
इ.प.नं.११४२/०७३/०७४
Srijanshil Marg, Basundhara, Kathmandu, Nepal, Contact : 9813048931 (Mazid), E-mail : alkausar.hrm@gmail.com

## साउदीमा रोजगार

कम्पनी : FATIMA HASSAN BIN AHMED AL JADR GENERAL CONTRACTING ESTABLISHMENT
पूर्व स्वीकृति मिति : २०८२/०९/१८ — पुन विज्ञापन स्वीकृति मिति : २०८३/०३/१२ — LT. No. 336526 — चलानी नं.६०२५०१५२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | loading and unloading worker/ helper | 4 | 0 | 1000 | ४०,२७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार २० गते (4th Jul. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CENTRAL CAPITAL SERVICES PVT.LTD.
श्रम इजाजत नं. ५७४/०६२/०६३
Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492, Kumar Tamang +977 985-1118313
E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

## युएइमा रोजगार

कम्पनी : I F M FACILITIES MANAGEMENT- L.L.C-O.P.C
पूर्व स्वीकृति मिति : २०८२/१०/०७ — पुन विज्ञापन स्वीकृति मिति : २०८३/०३/१२ — LT. No. 336940 — चलानी नं. ६०२५०८९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 30 | 25 | 1053 | ४३,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : JOINTECH FIRSTAIR CONDITIONERS MAINTENANCE
पूर्व स्वीकृति मिति : २०८२/०५/१६ — पुन विज्ञापन स्वीकृति मिति : २०८३/०३/१२ — LT. No. 330366 — चलानी नं. ६०२४४१८८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Welder | 1 | 0 | 1500 | ६१,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Tile Masons | 3 | 0 | 1500 | ६१,५५० | | | | | | | |
| 3 | Steel Fixer | 2 | 0 | 1500 | ६१,५५० | | | | | | | |
| 4 | Plumber | 3 | 0 | 1500 | ६१,५५० | | | | | | | |
| 5 | Helper | 3 | 0 | 1000 | ४१,०३५ | | | | | | | |
| 6 | Carpenter | 1 | 0 | 1500 | ६१,५५० | | | | | | | |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार २० गते (4th Jul. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

YOUNG MANPOWER PVT.LTD.
Govt. License No. 1047/073/74
Gaushala-9, Kathmandu, Nepal, Tel: +977-1-4583814, 4583815 , 4583816
E-mail : youngmanpower123@gmail.com, Web: https://www.youngmanpower.com.np/

## युएइमा रोजगार

कम्पनी : ARIF HUSSAIN BUILDING MAINTENANCE
पूर्व स्वीकृति मिति : २०८२/१०/२५ — पुन विज्ञापन स्वीकृति मिति : २०८३/०३/१२ — LT. No. 336810 — चलानी नं. ६०२५२१७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 5 | 0 | 1500 | ६१,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Electrician (Electrrician) | 4 | 0 | 1500 | ६१,५५० | | | | | | | |
| 3. | Plumber | 3 | 0 | 1500 | ६१,५५० | | | | | | | |
| 4. | Riggers | 4 | 0 | 1500 | ६१,५५० | | | | | | | |
| 5. | Steel Fixer | 5 | 0 | 1500 | ६१,५५० | | | | | | | |
| 6. | Stone Mason | 5 | 0 | 1500 | ६१,५५० | | | | | | | |
| 7. | Welder | 4 | 0 | 1500 | ६१,५५० | | | | | | | |

कम्पनी : ARIF HUSSAIN BUILDING MAINTENANCE
पूर्व स्वीकृति मिति : २०८२/०२/०८ — पुन विज्ञापन स्वीकृति मिति : २०८३/०३/१२ — LT. No. 323962 — चलानी नं. ६०२३८००१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Stone Mason | 3 | 0 | 1200 | ४९,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 4 | 0 | 1200 | ४९,२४० | | | | | | | |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार २० गते (4th Jul. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Fix Job Overseas Pvt. Ltd.
Govt.Lic. No. 1590/079/80
Sinamangal-9, Pingalasthan, Kathmandu, Nepal Tel : +977-1-5912965, 9841945941
E-mail : info@fixjoboverseas.com, fixjoboverseas@gmail.com, Website : www.fixjoboverseas.com

## युएइमा रोजगार

कम्पनी : RANJANA GENERAL MAINTENANCE – L.L.C – S.P.C
पूर्व स्वीकृति मिति : २०८३/०३/१२ — LT. No. 344091 — चलानी नं. ६०२५७३७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Printer | 1 | 0 | 1200 | ४९,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Assistant Tile Layer | 1 | 0 | 1200 | ४९,२४० | | | | | | | |
| 3. | Brick Masons | 1 | 0 | 1500 | ६१,५५० | | | | | | | |
| 4. | Building Painter (Wall Painter) | 1 | 0 | 1500 | ६१,५५० | | | | | | | |
| 5. | Demolition Of Building Labour | 1 | 0 | 1200 | ४९,२४० | | | | | | | |
| 6. | False Ceiling Installer | 1 | 0 | 1500 | ६१,५५० | | | | | | | |
| 7. | House Builder | 1 | 0 | 1200 | ४९,२४० | | | | | | | |
| 8. | Plumber Assistant | 1 | 0 | 1200 | ४९,२४० | | | | | | | |
| 9. | Welder/assistant Welder | 1 | 0 | 1200 | ४९,२४० | | | | | | | |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार २० गते (4th Jul. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

All Asia Overseas Pvt.Ltd
श्रम इजाजत नं. १३०५/०७४/०७५
Ratopul, Gaushala-7, Kathmandu, Nepal, Swostika Pariyar : 9706125170
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com

## युएइमा रोजगार

कम्पनी : TECHNO ELECTROMECHANICAL CO FZE LLC — शहर : UAE,SHSRJAH
पूर्व स्वीकृति मिति : २०८३/०३/१२ — LT. No. 344085 — चलानी नं. ६०२५७३७९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 50 | 0 | 1000 | ४१,०३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार २० गते (4th Jul. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

DEEP JYOTI MANPOWER SERVICE PVT LTD.
LIC No. 1136/073/074
Sinamangal-9, Kathmandu, Nepal, Tel: +977-1-4590678, 4592910,
Mob: 970-9094570, 9808248185, E-mail : deepjyotimanpowerservice@gmail.com, Web: deepjyotimanpower.com.np

## युएइमा रोजगार

कम्पनी : TAZWEED EMPLOYMENT - L.L.C - O.P.C
पूर्व स्वीकृति मिति : २०८१/११/२९ — पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०३/१२ — LT. No. 320870 — चलानी नं. ६०२५३५०१९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 11 | 0 | 1000 | ४१,०३४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Electrician Man | 15 | 0 | 1200 | ४९,२४० | | | | | | | |
| 3. | Metal Structure Installation Worker | 6 | 0 | 1200 | ४९,२४० | | | | | | | |
| 4. | Painter | 8 | 0 | 1200 | ४९,२४० | | | | | | | |
| 5. | Construction Carpenter General | 8 | 0 | 1200 | ४९,२४० | | | | | | | |
| 6. | Scaffolder | 1 | 0 | 1200 | ४९,२४० | | | | | | | |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार २३ र २४ गते (7th & 8th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

EARTH SMART HUMAN RESOURCES NEPAL PVT.LTD.
श्रम इजाजत नं. १०५०/०७३/०७४
Sinamangal, Kathmandu-9, Phone No. +977-01-4574652, 4574653
Website: www.earthsmart-nepal.com Email : earthsmarthrn@gmail.com

## कुवेतमा रोजगार

कम्पनी : LB FOOD STUFF GENERAL TRADING CO.
पूर्व स्वीकृति मिति : २०८१/०५/२० — पुन विज्ञापन स्वीकृति मिति : २०८३/०३/१२ — LT. No. 310276 — चलानी नं. ६०२२४९२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Chef/Kitchen Assistance | 10 | 0 | 125 | ६०,८३३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver (Light/Heavy) | 10 | 0 | 150 | ७२,९९९ | | | | | | | |
| 3. | Steward/Dishwasher | 5 | 0 | 90 | ४३,८०० | | | | | | | |
| 4. | Waiter | 5 | 4 | 120 | ५८,३९९ | | | | | | | |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार २० गते (4th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

EXPRESS RECRUITER NEPAL PVT. LTD
Govt. License No. 1613/079/080
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897, E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com

# मनसुन प्रतिकार्यका लागि ५४ स्थानमा सशस्त्रका अस्थायी वेश

**काठमाडौं–** सशस्त्र प्रहरी बलले मनसुनजन्य विपद् प्रतिकार्यका लागि देशका विभन्न ५४ स्थानमा अस्थायी मनसुन प्रतिकार्य वेश स्थापना गरेको छ । सशस्त्र प्रहरीका कार्यालयबाट विपद् उद्धारमा परिचालन हुन समय लाग्ने विपद्जन्य स्थानको पहिचान गरी अस्थायी वेश स्थापना गरिएको हो ।

कोशी प्रदेशमा छ, मधेसमा ११, बागमतीमा १६, गण्डकीमा चार, लुम्बिनीमा सात, कर्णालीमा दुई र सुदूरपश्चिम प्रदेशमा आठ वटा अस्थायी वेस स्थापना गरिएको सशस्त्र प्रहरीले जानकारी दिएको छ । सशस्त्रले हिमाल, पहाड र तराईका १६ स्थानमा विपद् व्यवस्थापन वेश स्थापना गरी आवश्यक जनशक्ति र स्रोतसाधनलाई तयारी अवस्थामा राखेको छ । धनकुटा, सुनसरी, बारा, सप्तरी, धादिङ, सिन्धुली, मकवानपुर, काभ्रेपलाञ्चोक, म्याग्दी, गोरखा, दाङ, सुर्खेत, जुम्ला, डडेल्धुरा, डोटी र कैलालीमा स्थायी वेस स्थापना गरिसकेको छ ।

'यी स्थायी कार्यालय हुन्, जुन वर्षैभरि रहन्छन्,' सशस्त्र प्रहरीका प्रवक्ता एवं सशस्त्र प्रहरी नायब महानिरीक्षक नेत्रबहादुर कार्कीले भने, 'उपलब्ध स्रोत र साधनको प्रयोग गरी विपद् प्रतिकार्य गर्नेगरी योजना बनेका छन् ।'

यस वर्षको मनसुनजन्य विपद्सँग जुध्नका लागि आठ हजार १८० सशस्त्र प्रहरी कर्मचारीलाई २४ सै घण्टा तयारी अवस्थामा राखिएको जानकारी दिँदै उनले यही असार मसान्तसम्म सम्पूर्ण सशस्त्र प्रहरीलाई विपद् व्यवस्थापन अनुशिक्षण तालिम प्रदान गरिने बताए ।




राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले यस वर्षको मनुसनमा सरदरभन्दा कम वर्षाको आँकल गरिए पनि मनसुनजन्य विपद्बाट देशभर करिब ५१ हजार ८८६ घरधुरीका करिब दुई लाख २६ हजार ६६१ जनसंख्या प्रभावित हुने जनाएको छ ।

प्राधिकरणका अनुसार कोशीमा ३८ हजार ७३६, मधेसमा ३५ हजार ३६१, बागमतीमा ३२ हजार ८९७, गण्डकीमा २१ हजार ६४१, लुम्बिनीमा ५१ हजार ६२६, कर्णालीमा १३ हजार १७५ र सुदूरपश्चिम प्रदेशमा ३३ हजार २२७ जनसंख्या प्रभावित हुने अनुमान छ ।

बाढी तथा डुबानबाट प्रभावितलाई उद्धार गर्न सशस्त्र प्रहरीसँग रहेका ८२ वटा 'र्‍याफ्ट बोट' र ५३ वटा 'मोटर बोट' तथा विशिष्टीकृत तालिमप्राप्त चार हजार ७१० जना दक्ष सशस्त्र प्रहरी र १३४ गोताखोर तालिमप्राप्त जनशक्तिलाई देशभर ११ वटा जोखिमयुक्त स्थानमा आवश्यक उपकरणसहित तयारी अवस्थामा राखिएको प्रवक्ता कार्कीले जानकारी दिए ।

## एक लाख ६८ हजार रहेको विपद् सूचक सञ्जाल तयार

सशस्त्र प्रहरीले विपद्सम्बन्धी सूचना समयमै प्राप्त गर्ने उद्देश्यले एक लाख ६८ हजार ९५६ जना विपद् सूचक रहेको सञ्जाल तयार पारेको छ । ती सूचकले आफू नजिकको स्थानमा विपद् भएको अवस्थामा तत्कालै नजिकको सशस्त्र प्रहरीको युनिटमा सूचना दिने छन् ।

सशस्त्र प्रहरीले विपद्का समयमा उद्धारका लागि सूचना प्रवाह गर्न सहज होस् भन्ने उद्देश्यले 'एपिएफ-कम्युनिटी अलर्ट सिस्टम' (एपिएफ-सिएएस) प्रणाली सञ्चालनमा ल्याएको छ । सो प्रणालीबाट हरेक बाहिनी तहमा रहेको परिचालन कक्षमा तत्काल सूचना प्राप्त हुने र शीघ्र परिचालनका लागि आदेश दिइने प्रवक्ता कार्कीले जानकारी दिए । *रासस*

# उपत्यकामा बर्डफ्लु संक्रमण फैलन नदिन प्राविधिक टोली परिचालन

**काठमाडौं–** पशुसेवा विभागले काठमाडौं उपत्यका तथा आसपासका क्षेत्रमा बर्डफ्लु संक्रमण फैलन नदिन प्राविधिक टोली परिचालन गरी नियन्त्रणको काम अघि बढाएको छ । विभागले विभिन्न प्रयोगशालामार्फत नियमित नमूना परीक्षण गरी निगरानी बढाएको हो ।

काठमाडौं, भक्तपुर, ललितपुर र काभ्रेमा संक्रमणको जोखिम बढी देखिएकाले रोग नियन्त्रण कार्यलाई उच्च प्राथमिकता राखिएको विभागका महानिर्देशक डा. उमेश दाहालले बताए । उनका अनुसार तीन महिनाअघि सुरु भएको संक्रमण विभिन्न ११ जिल्लामा फैलिएको छ ।

करिब १०० कुखुरा फार्ममा बर्डफ्लु संक्रमण पुष्टि भएपछि ती फार्ममा पन्छी, अण्डा, दाना नष्ट गरिएका छन् । करिब डेढ महिना नयाँ चल्ला नराख्न आग्रह गरेको विभागले उच्च सतर्कता अपनाउन आह्वान गरेको छ । काठमाडौं उपत्यकाका चन्द्रागिरि, कीर्तिपुर, टोखा, तारकेश्वर, गोदावरी, चाँगुनारायण, सूर्यविनायकलगायत क्षेत्रका फार्ममा संक्रमण पुष्टि भएको छ ।

बर्डफ्लुका उपचार र प्रभावकारी खोप नभएको हुँदा भाइरस कडा संक्रामक हुने र कुखुरालगायत पन्छी नष्ट उत्तम विकल्प हुने जनाइएको छ । संक्रमण मानिसमा पनि सर्न सक्ने सम्भावना रहेको बताउँदै विभागका महानिर्देशक दाहालले संक्रमणलाई चाँडो नियन्त्रण गर्न पन्छी व्यवसायी तथा उपभोक्तालाई थप सावधानी अपनाउन आग्रह गरे ।

विभागका महानिर्देशकको संयोजकत्वमा केन्द्रमा बर्डफ्लु समन्वय समिति तथा प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा जिल्लामा बर्डफ्लु समन्वय समिति गठन गरिएको छ । नष्ट गरिएका कुखुरा, अण्डा तथा दानाको प्रमाणका आधारमा जिल्लाबाट समितिले निर्धारण गर्ने दररेटका आधारमा लागत मूल्यको ७५ प्रतिशतसम्म किसानलाई क्षतिपूर्ति दिने व्यवस्था रहेको विभागका सूचना अधिकारी मुकुल उपाध्यायले जानकारी दिए । *रासस*

# यातनापीडितको न्यायमा पहुँच सुनिश्चित गर्न आग्रह

**काठमाडौं (प्रस)–** राष्ट्रिय मानवअधिकार आयोगले राष्ट्रिय/अन्तर्राष्ट्रिय प्रतिबद्धताको प्रभावकारीरूपमा कार्यान्वयन गरी यातनापीडितको न्यायमा पहुँच सुनिश्चित गर्न सरकारलाई निर्देशन गरेको छ ।

आयोगका सहायक श्यामबाबु काफ्लेले शुक्रबार जारी गरेको प्रेस विज्ञप्तिमा यातानापीडितलाई न्यायमा पहुँच सुनिश्चित गर्न सरकारलाई निर्देशन गरिएको हो । विज्ञप्तिमा भनिएको छ, 'यातनाजन्य घटनाको निष्पक्ष, स्वतन्त्र र प्रभावकारी अनुसन्धान, दोषीउपर कानुनबमोजिम कारबाही तथा पीडितलाई प्रभावकारी उपचार, क्षतिपूर्ति र पुनःस्थापनाको व्यवस्था सुनिश्चित गरी राज्यको राष्ट्रिय र अन्तर्राष्ट्रिय दायित्व पूरा गर्न नेपाल सरकारले थप प्रयास गर्न जरूरी देखिएको छ ।'

नेपालले यातनाविरुद्धको महासन्धिको अनुमोदन गरिसकेपछि संयुक्त राष्ट्रसंघको यातनाविरुद्धको समितिमा बुझाउनुपर्ने आवधिक प्रतिवेदन करिब दुईदशक लामो समयदेखि बुझाउन नसकेको, अन्तर्राष्ट्रिय मञ्चहरूमा यातनाजन्य कार्यको बारेमा प्रश्न उठ्ने गरेको र पीडितले न्यायको अनुभूत गर्न नसकेको अवस्था रहेको आयोगको ठहर छ ।

आयोगले भनेको छ, 'आयोगले यातना पीडितहरूको अधिकार संरक्षण एवं संवर्द्धनका लागि सरकारलाई गरेका सिफारिसको कार्यान्वयन अवस्था सन्तोषजनक छैन, यस वर्ष हिरासत तथा कारागारको अनुगमनबाट क्षमताभन्दा बढी संख्यामा रहेका कैदीबन्दीहरूको व्यवस्थापन, विशेषतः कारागारिभत्र पानी, सरसफाइ, शौचालयसहित आन्तरिक व्यवस्थापनमा सुधार हुन नसक्दा यातनाविरुद्धको अधिकार कार्यान्वयन अझै चुनौतीपूर्ण रहेको पाइएको छ ।'

आयोगले यातनापीडितको अधिकार संरक्षणार्थ आयोगबाहेक संयुक्त राष्ट्रसंघीय संयन्त्रहरूबाट भएका सुझाव तथा सिफारिसहरूको कार्यान्वयन अवस्था पनि सन्तोषजनक नभएको र सशस्त्र द्वन्द्वका अधिकांश यातनापीडितहरूले क्षतिपूर्ति पनि प्राप्त गर्न नसकेको अवस्था कायम रहेको जनाएको छ । यातनापीडितहरूको सहयोगार्थ अन्तर्राष्ट्रिय दिवस (जुन २६) को अवसरमा यातनातथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार, दण्ड वा दुर्व्यवहारविरुद्धको शून्य सहनशीलतालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै यातनापीडितहरूको अधिकार सम्मान, संरक्षण र संवर्द्धन गर्न आयोगले नेपाल सरकारसहित सम्बद्ध सबै निकायहरूसँग आग्रह गरेको छ ।

# दर्ता नभएका क्रसर बन्द गर्न निर्देशन

**म्याग्दी (प्रस)–** म्याग्दीको रघुगंगा गाउँपालिकाले दर्ता प्रक्रिया पूरा नगरी अवैधरूपमा सञ्चालनमा रहेका क्रसर उद्योग हटाउन सार्वजनिक सूचना मार्फत निर्देशन दिएको छ । गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत कुलराज पौडेलले कानुनी प्रक्रिया पूरा नगरी सञ्चालनमा रहेका क्रसर उद्योगलाई एक महिनाभित्र हटाउन निर्देशन दिइएको बताए ।

पालिकाले जलविद्युत् र विकास आयोजनाका लागि अनुमति लिएका बाहेक अरु क्रसर उद्योगले नदीजन्य वस्तुको उत्खननमा संलग्न रहेको पाइएमा कानुनी कारबाहीको दायरामा ल्याउने जनाएको छ । यही असार ११ गतेको मितिले लागू हुनेगरी एक महिनाभित्र क्रसर उद्योग र उपकरण सामग्री नहटाएमा कारबाही गरिने प्रमुख प्रशासकीय अधिकृत पौडेलले बताए ।

रघुगंगा गाउँपालिकाभित्र हाल पाँचवटा क्रसर उद्योग सञ्चालनमा रहेका अध्यक्ष भवबहादुर भण्डारीले बताए । उनले भने, 'राहुघाट जलविद्युत् आयोजनाको चमेरे र बाँध निर्माणस्थलको तथा मोना हाइड्रोपावर र चितवन इनर्जीले घ्याँसीखर्कमा रहेको क्रसर उद्योगले प्रक्रिया पूरा गरेका छन् ।'


## साउदीमा रोजगार
कम्पनी : OZWHEEL SHOP FOR SPARE PARTS

पूर्व स्वीकृति मिति : २०८३/03/११ | LT. No. 344076 | चलानी नं. ६०२५७३४७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Salesman (Auto Mobile Spare Parts) | 1 | 0 | 1300 | ५२,३५८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मितिः २०८३ असार २० गते (4th Junly 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 1082/073/74
NEPAL HR SOLUTION PVT. LTD.
Kalimatidol-9, Sinamangal, Kathmandu, Nepal, Tel: 01-01-4593555/4593554, 9852651444
E-mail : snepalhr@gmail.com/info@nepalhrsolution.com, Web: www.nepalhrsolution.com

## मलेसियामा रोजगार
कम्पनी : SDF METALS SDN BHD

पूर्व स्वीकृति मिति : २०८३/03/११ | LT. No. 344027 | चलानी नं. ६०२५७३६३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scrap Metal and Used goods worker | 20 | 0 | 1700 | ६२,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मितिः २०८३ असार २० गते (4th Jul. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


श्रम इजाजत नं. १४६५/०७४/०७५
Ever Bright Overseas Pvt.Ltd.
Sambhu Margal–09 Kathmandu, Nepal, Tel: +977-01-5911758, 5911759, Mob No: ±9779802326432
Email: everbrightoverseas123@gmail.com, Web: www.everbrightoverseas.com

## कुवेतमा रोजगार
कम्पनी : INTEGRATED LOGISTICS CO.

पूर्व स्वीकृति मिति : २०८२/०८/२२ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/03/१२ | LT. No. 334976 | चलानी नं. ६०२४८६११

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Crane Operator | 50 | 0 | 250 | १२१,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | ३ वर्ष |
| 2. | Driver Heavy Duty | 84 | 0 | 200 | ९७,३३० | | | | | | | |
| 3. | heavy Equipment Operator | 100 | 0 | 250 | १२१,६६० | | | | | | | |
| 4. | Load And Unload Workers | 100 | 0 | 100 | ४८,६६५ | | | | | | | |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मितिः २०८३ असार २० गते (4th Jul. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


श्रम इजाजत नं. १५०/०५६/५७
HYHIRE INTERNATIONAL PVT. LTD.
(East West Overseas Service Pvt. Ltd), Sinamangal-9, Kathmandu, Bagmati, Tel: 01-4581308

## जापानमा रोजगार
कम्पनी : FUREAI JIGYOUKYOUDOU KUMIAI

पूर्व स्वीकृति मिति : २०८३/03/११ | LT. No. 343816 | चलानी नं. ६०२५७३८२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब YEN | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 2 | 0 | 180000 | १६७,१८१ | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

कम्पनी : GIFU HUMAN RESOURCES SUPPORT BUSINESS COOPERATIVE

पूर्व स्वीकृति मिति : २०८३/03/११ | LT. No. 343817 | चलानी नं. ६०२५७३८३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब YEN | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 2 | 0 | 188150 | १७४,७५१ | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

कम्पनी : LINE COOPERATIVE

पूर्व स्वीकृति मिति : २०८३/03/११ | LT. No. 343818 | चलानी नं. ६०२५७३८४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब YEN | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolding Foreman | 2 | 0 | 204013 | १८९,४८४ | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

कम्पनी : JOHOKU MANAGEMENT COOPERATIVE SOCIETY

पूर्व स्वीकृति मिति : २०८३/03/११ | LT. No. 343819 | चलानी नं. ६०२५७३८५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब YEN | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Machine Operator | 1 | 0 | 197679 | १८३,६०२ | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

कम्पनी : LINE COOPERATIVE

पूर्व स्वीकृति मिति : २०८३/03/११ | LT. No. 343820 | चलानी नं. ६०२५७३८६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब YEN | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter Shuttering | 2 | 0 | 204000 | १८९,४७२ | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

कम्पनी : GIFU HUMAN RESOURCES SUPPORT BUSINESS COOPERATIVE

पूर्व स्वीकृति मिति : २०८३/03/११ | LT. No. 343821 | चलानी नं. ६०२५७३८७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब YEN | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 2 | 0 | 175015 | १६२,५५१ | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु:**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः १०,०००
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

**नोट:** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ **नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:**
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मितिः २०८३ असार २० गते (4th Jul. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Govt. License 1544/078/079
TIRUPATI H.R. SOLUTION (P) LTD
Sinamangal 9, Airport, Kathmandu, Nepal, Tel: 014533441, 9851183897
Email: tirupatihrsolution@gmail.com, Web: www.tirupati.hr.com.np


## धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८३ साल असार महिना १३ गते शनिबार)

यस विकास बैंकको शाखा कार्यालय गोपिगञ्जबाट तपशिलमा उल्लेखित ऋणीले व्यावसायिक आवाधिक कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्धारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरिएको छ । उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले १५ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले १६ औं दिनको कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ । **तपशिल**

**ऋणीको विवरण**

नाम : **माँ कुवारवर्ती हार्डवेयर** प्रोप्राइटरको नाम : विजय कुमार चौधरी प्रा.फ.र.नं. :१७५९/९३५८
दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय नवलपरासी दर्ता मिति : २०७३/०९/०८
फर्मको ठेगाना : नवलपरासी जिल्ला रुपौलिया गा.वि.स. वडा नं. ५ स्थायी लेखा नं. : ३०२७११९४१

**प्रोप्राइटरको विवरण**

धनिराम थारुको नाति जिवराम थारुको छोरा नवलपरासी जिल्ला रुपौलिया वडा नं. ८ हाल, नवलपरासी (ब.स.पु) जिल्ला सुस्ता गा.पा. वडा नं. २ बस्ने **विजय कुमार चौधरी** (ना.प्र.नं : ६३६४८ जारी मिति र जिल्ला : २०५९/०२/०७, नवलपरासी (ब.स.पु)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) जिवराम थारुको बुहारी विजय कुमार चौधरीको पत्नी नवलपरासी जिल्ला रुपौलिया वडा नं. ८ हाल नवलपरासी(ब.स.पु) जिल्ला सुस्ता गा.पा. वडा नं. २ बस्ने **लक्ष्मी कुमारी चौधरी** (ना.प्र.नं: ३६३०४८/८९, जारी मिति र जिल्ला :२०६३/१०/०४,नवलपरासी(ब.स.पु)

२) जिवराम थारुको बुहारी विजय कुमार चौधरीको पत्नी नवलपरासी जिल्ला रुपौलिया वडा नं. ८ हाल, नवलपरासी(ब.स.पु) जिल्ला सुस्ता गा.पा. वडा नं. २ बस्ने **महिता कुमारी मुखिया** (ना.प्र.नं : ३६-०६-७७-०१०६४ जारी मिति र जिल्ला : २०७७/०९/०१, नवलपरासी(ब.स.पु)

३) धनिराम थारुको नाति जिवराम थारुको छोरा नवलपरासी जिल्ला रुपौलिया वडा नं. ८ हाल, नवलपरासी (ब.स.पु) जिल्ला सुस्ता गा.पा. वडा नं. २ बस्ने **श्री छत्रमन चौधरी थारु** (ना.प्र.नं : ११/१३२१ जारी मिति र जिल्ला : २०४५/०१/२०, नवलपरासी(ब.स.पु)

४) श्री धनिराम थारुको नाति श्री जिवराम थारुको छोरा नवलपरासी जिल्ला रुपौलिया वडा नं. ८ हाल, नवलपरासी (ब.स.पु) जिल्ला सुस्ता गा.पा. वडा नं. २ बस्ने **श्री चेत नारायण चौधरी थारु** (ना.प्र.नं : ११/१३२० जारी मिति र जिल्ला : २०४५/०१/३०, नवलपरासी(ब.स.पु)

५) श्री धनिराम थारुको नाति श्री जिवराम थारुको छोरा नवलपरासी जिल्ला रुपौलिया वडा नं. ८ हाल, नवलपरासी(ब.स.पु) जिल्ला सुस्ता गा.पा. वडा नं. २ बस्ने **श्री प्रेम नारायण चौधरी थारु** (ना.प्र.नं : ११/१२९६ जारी मिति र जिल्ला : २०४५/०१/२९, नवलपरासी)

**यसअघि प्रकाशित गरिएको सार्वजानिक सूचनाको विवरण :**
१) मिति २०८२ साल ०१ महिना २३ गतेको नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने
२) मिति २०८२ साल १२ महिना ६ गतेको बुटवल टुडे राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि २१ दिने

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| धितोधनीको नाम | धितोको ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (रोपनी) |
|---|---|---|---|---|
| विजय कुमार चौधरी | नवलपरासी जिल्ला रुपौलीया वडा नं. ८ | ८क | १६ | ०-३-० |
| | | | ९९ | ०-७-१६ |
| | | | ५५ | ०-१७-० |
| | | | ५४ | ०-१-५ |
| | | | ३०६ | ०-१२-१५ |
| | | | ३१० | ०-३-४ |
| | | | ४९१ | ०-२-४ |

**शर्त बन्देजहरु :**

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिन अर्थात मिति २०८३ साल असार महिना २७ गते शनीबार भित्र यस बैंकको शाखा कार्यालय गोपिगञ्ज आईपुग्ने गरि पेश गर्नुपर्ने छ ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।
४) बोलपत्र साथ आफुले बोलकबोल गरेको रकमको कम्तिमा १० प्रतिशत हुन आउने रकम धरौटी स्वरुप संस्थाको मुख्य कार्यालयमा रहेको Earnest money payable खाता नं. ०१३-९२७७४१०१००५ मा बोलपत्र पेश गर्ने अन्तिम मितिसम्म जम्मा गरी सो को सक्कल भौचर अथवा सो बराबरको बमेलपत्र पेश गर्ने अन्तिम मिति भित्र खिचिएको यस बैंकको नाममा Good For Payment Cheque संलग्न गर्नु पर्नेछ ।
५) प्राप्त बोलपत्रहरु मिति २०८३ साल असार महिना २९ गते सोमबार दिउसो ३:०० बजे यस बैंकको शाखा कार्यालय गोपिगञ्जमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
६) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।
८) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहने छ ।
९) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999,
Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

# ‘मैदानमा क्रिकेट ब्याटको प्रहार, महिला सशक्तीकरणको आधार’



> २०६१ सालतिर बाँकेको कोहलपुरमा महिला क्रिकेटका गतिविधि सुरू गर्दा खेलाडी जुटाउनै कठिन हुन्थ्यो । सामाजिक सोच, पूर्वाधारको अभाव र सीमित अवसरकाबीच छोरीहरूले ठूलो सपना बोकेर मैदानमा आउँथे । उनीहरूको आत्मविश्वास र साहस देख्दा एक दिन महिला क्रिकेटले अवश्य सफलता पाउने विश्वास जाग्थ्यो ।
>
> **लेखबहादुर क्षेत्री**
> पूर्वराष्ट्रिय कप्तान

> जब म मैदानमा ब्याट समातेर उभिन्छु, मलाई लाग्छ यो केवल काठको टुक्रा होइन, मेरो आत्मविश्वासको आधार हो । हिजो 'छोरी भएर घरभित्र बस' भन्ने समाजले आज हाम्रो चौका र छक्कामा ताली बजाइरहेको छ ।
>
> **सिर्जना पौडेल**
> खेलाडी

**जमुना वर्षा शर्मा**/पोखरा

कुनै समय थियो, नेपाली समाजमा छोरीहरूले क्रिकेट मैदानमा पाइला टेक्नु निकै चुनौतीपूर्ण मानिन्थ्यो । घरको चौघेरा, चुलो-चौको र परम्परागत भूमिकाभित्र सीमित गरिएका छोरीहरूका लागि खेलकुदमा भविष्य देख्नु सजिलो थिएन । खेल मैदानमा उनीहरूको उपस्थिति अपवादजस्तै थियो । राष्ट्रिय टोलीको जर्सी लगाउने सपना त झन टाढाको कुरा ।

दक्षिण अफ्रिकाका महान् नेता नेल्सन मण्डेलाले भनेका थिए, ‘खेलकुदमा संसार परिवर्तन गर्ने शक्ति हुन्छ । यसमा मानिसहरूलाई एकताबद्ध गर्ने र जहाँ निराशामात्र छ, त्यहाँ आशा जगाउने अद्भूत क्षमता हुन्छ ।’ आज नेपालमा महिला क्रिकेटले यही परिवर्तनको कथा लेखिरहेका छन् । हिजो बेल्ना चौकामा सीमित हातहरूले आज आत्मविश्वासका साथ क्रिकेट मैदानमा ब्याट चलाइरहेका छन् । सटिक बलिङ गरिरहेका छन् । अन्तर्राष्ट्रिय प्रतियोगितामा नेपालको झण्डा फहराइरहेका छन् ।

नेपाली महिला क्रिकेटको बढ्दो यात्रा केवल खेलकुदको उपलब्धिमात्र होइन, महिला सशक्तीकरणको एउटा सशक्त आधार पनि हो । यस परिवर्तनको उदाहरण छिन् राष्ट्रिय महिला क्रिकेट टोलीकी खेलाडी रचना चौधरी । सुदूरपश्चिमको कैलाली जिल्लाको सुवर्णपुरबाट बुबासँगै अध्ययनका लागि पोखरा आएकी रचना अहिले कक्षा १२ मा अध्ययनरत छिन् । उनको क्रिकेट यात्रा योजनाबद्ध होइन, संयोगबाट सुरु भएको थियो । कक्षा ९ मा अध्ययनरत रहँदा १४ वर्षको उमेरमा किडासा फाउण्डेसनमार्फत क्रिकेटसँग जोडिएकी रचना रमाइलोका लागि खेल क्षेत्रमा आएकी थिइन् । ‘मलाई त्यतिबेला पढाइभन्दा खेल्न रमाइलो लाग्थ्यो । रमाइलोका लागि खेलेको खेलले नै मलाई पहिचान दियो । पछि क्रिकेट नै मेरो जीवनको हिस्सा बन्यो,’ उनी सम्झन्छिन् ।

मिस्त्री काम गर्ने बुबाको संघर्षकाबीच हुर्किएकी रचनाले त्यतिबेला क्रिकेटले आफ्नो जीवन नै बदलिदिन्छ भन्ने कल्पनासमेत गरेकी थिइनन् । तर निरन्तर अभ्यास, मिहेनत र समर्पणले उनलाई राष्ट्रिय टोलीसम्म पुऱ्यायो । आज उनी नेपाल क्रिकेट संघ (क्यान) को केन्द्रीय सम्झौताअन्तर्गत आबद्ध रहँदै आफ्नो छुट्टै पहिचान बनाउन सफल भएकी छन् । मलेसियामा सम्पन्न आइसिसी यु-१९ महिला टी-२० विश्वकपमा नेपालको प्रतिनिधित्व गर्ने अवसरलाई उनी आफ्नो जीवनको सबैभन्दा महत्त्वपूर्ण उपलब्धिमध्ये एक मान्छिन् ।

गण्डकी प्रदेशकी अर्की खेलाडी सिर्जना पौडेलको अनुभव पनि महिला सशक्तीकरणसँग जोडिएको छ । व्यावसायिक क्रिकेट खेल्दै मासिक पारिश्रमिक प्राप्त गरिरहेकी पौडेलका लागि क्रिकेट केवल खेल होइन, आत्मविश्वास आत्मनिर्भरता र स्वतन्त्रताको माध्यम हो । उनी भन्छिन्, ‘जब म मैदानमा ब्याट समातेर उभिन्छु, मलाई लाग्छ यो केवल काठको टुक्रा होइन, मेरो आत्मविश्वासको आधार हो । हिजो ‘छोरी भएर घरभित्र बस’ भन्ने समाजले आज हाम्रो चौका र छक्कामा ताली बजाइरहेको छ ।’

स्याङ्जाकी खेलाडी सिमाना केसीको अनुभवले पनि महिला क्रिकेटमा आएको परिवर्तनलाई पुष्टि गर्छ । सन् २०२० देखि क्रिकेट खेल्न थालेकी केसी अहिले बिबिए अध्ययनसँगै सिनियर क्रिकेट टिममा सक्रिय छिन् । आइसिसी यु-१९ टोलीमा छनोट हुँदा निकै खुसी लागेको क्षणसँगै अहिले सिनियर टिममा रहेर हालैमात्र मलेसियामा भएको एसिया प्रिमियर कपको अनुभव बटुलेर फर्किएकी छन् । राष्ट्रिय टिमबाट मासिक पारिश्रमिक बुझेर खेल्दै आएकी केसी भन्छिन्, ‘खेलकुद अब आत्मनिर्भर बन्ने माध्यम पनि बन्दै गएको छ, यसले आत्मविश्वास र सशक्तीकरण यात्रामा थप हौसला मिलेको छ ।’

स्याङ्जाकै कुशुम गोदार पनि व्यावसायिक खेलमैदानमा छिन् । गण्डकी प्रदेशबाट पारिश्रमिक बुझेर खेल्दै आएकी गोदार यतिबेला नयाँ खेलाडीलाई प्रोत्साहन गर्न व्यस्त छिन् । इच्छाशक्ति र आत्मविश्वासका साथ आउन सके क्रिकेटले आफ्नो पहिचानसहित आत्मनिर्भरको बाटोसमेत तय गर्ने धारणा राख्ने गोदारले आत्मविश्वास बढ्दा जस्तै चुनौतीलाई पार लगाउनसक्ने क्षमता खेलबाट बटुलेको सुनाइन् ।

नेपाल महिला क्रिकेटको यात्रालाई नजिकबाट नियालेकी नेपाल महिला राष्ट्रिय क्रिकेट टोलीकी पहिलो कप्तान नेरी थापाले विगत र वर्तमानबीचको ठूलो अन्तर अनुभव गरेकी छन् । ‘आज महिला क्रिकेटले जुन उचाइ प्राप्त गरेको छ, त्यसको यात्रा सहज थिएन । म क्रिकेटमा आउँदा महिलाको सहभागिता निकै न्यून थियो । क्रिकेट खेल्ने छोरीलाई समाजले सहजरूपमा स्वीकार्दैनथ्यो । ‘ब्याट र बल बोकेर केटाजस्तो हिँड्छे’ भन्ने टिप्पणीहरू सुन्नुपर्थ्यो,’ थापा सम्झन्छिन् । देशको पहिलो महिला राष्ट्रिय टोलीको कप्तानी गर्ने अवसरलाई नेपाली महिला क्रिकेटको इतिहासमा एउटा महत्त्वपूर्ण अध्यायको रूपमा लिएको उनको भनाइ छ ।

गण्डकी प्रदेश क्रिकेट संघका अध्यक्ष सञ्जयकान्त सिग्देल करिब डेढ दशकअघिको समय स्मरण गर्दै भन्छन्, ‘२०६८ सालतिर छोरीलाई क्रिकेट खेल्न पठाउन अभिभावकहरू तयार हुँदैनथे । ‘मेरो छोरीको जिम्मा कसले लिन्छ ?’ भन्ने प्रश्न बारम्बार आउँथ्यो । राष्ट्रिय प्रतियोगितामा पठाउन अभिभावकले स्वीकृति नदिँदा निकै समस्या हुन्थ्यो । आज भने अवस्था फेरिएको छ । अभिभावकहरू आफैं छोरीहरूलाई क्रिकेट प्रशिक्षणका लागि एकेडेमीमा पुऱ्याउन थालेका छन् ।’

नेपाल क्रिकेट संघ (क्यान) ले महिला खेलाडीहरूलाई मासिक पारिश्रमिक उपलब्ध गराउन थालेपछि क्रिकेटप्रतिको आकर्षण पनि बढ्न थालेको उनले बताए । सिग्देलका अनुसार आज नेपालभर करिब ३० जिल्लामा महिला क्रिकेट गतिविधि सञ्चालन भइरहेको छ । झण्डै ४५० देखि ५०० जना महिला खेलाडी सक्रिय रूपमा क्रिकेटमा आबद्ध छन् । प्रदेशस्तरमा करिब १५० जना खेलाडी प्रतिस्पर्धामा छन् भने राष्ट्रियस्तरमा करिब ३० महिला खेलाडीले नियमित रूपमा प्रतिनिधित्व गरिरहेका छन् । विभिन्न उमेर समूह र सिनियर तहमा सात प्रदेशका १४-१५ वटा टोली राष्ट्रिय प्रतियोगितामा प्रतिस्पर्धा गरिरहेका छन् ।

पहिले क्रिकेट खेल्दा भविष्य देखिँदैन भन्ने धारणा बदलिँदै अहिले खेलाडीहरूले खेललाई पेशाका रूपमा हेर्ने वातावरण बने पनि महिला क्रिकेटको विकासका लागि अझै पनि चुनौतीहरू बाँकी रहेको प्रशिक्षक दिपेश खत्रीको अनुभव छ । ‘देशका धेरै जिल्लामा महिलामैत्री खेल पूर्वाधारको अभाव छ । निजी क्षेत्रको लगानी र स्पोन्सरसिप पनि अपेक्षाकृत न्यून छ,’ उनी भन्छन्, ‘सहरी क्षेत्रमा अवसर बढे पनि ग्रामीण तथा दुर्गम क्षेत्रका प्रतिभाशाली छोरीहरू अझै अवसरबाट वञ्चित छन् । खेलाडीहरूको सामाजिक सुरक्षा र खेल जीवनपछिको रोजगारी सुनिश्चित गर्न स्पष्ट नीति आवश्यक छ ।’

नेपाली महिला क्रिकेटको वर्तमान अवस्थालाई हेर्दा आफूलाई गर्व लाग्ने बताउँछन् पूर्वराष्ट्रिय क्रिकेट कप्तान तथा नेपालमा महिला क्रिकेटका प्रणेता लेखबहादुर क्षेत्री । आज महिला क्रिकेटले प्राप्त गरेको सफलता एक दिनको उपलब्धि नभई दुई दशकभन्दा लामो संघर्ष, धैर्य र समर्पणको परिणाम भएको उनको बुझाइ छ । ‘आज महिला क्रिकेट जुन स्थानमा पुगेको छ, त्यो सहजै प्राप्त भएको होइन, नेरी थापा, सीता राना मगर, रुबिना क्षेत्री, पूजा महतो, इन्दू बर्मालगायतका खेलाडीहरूले गरेको संघर्ष, त्याग र समर्पणका कारण नेपाली महिला क्रिकेटले आज अन्तर्राष्ट्रियस्तरमा आफ्नो उपस्थिति बलियो बनाएको हो ।’

नेपाली महिला क्रिकेटको इतिहास सम्झँदा सन् २००७ मा मलेसियाको जोहोरमा आयोजित पहिलो एसिसी महिला च्याम्पियनसिप विशेष महत्त्व रहेको क्षेत्री बताउँछन् । ‘नेपालले पहिलोपटक अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिता जनाएर उपविजेता बन्न सफल भएको थियो । त्यो उपलब्धिले नेपाली महिला क्रिकेटको सम्भावना अन्तर्राष्ट्रिय समुदायसामु चिनाएको थियो,’ क्षेत्री सम्झन्छन्, ‘२०६१ सालतिर बाँकेको कोहलपुरमा महिला क्रिकेटका गतिविधि सुरु गर्दा खेलाडी जुटाउनै कठिन हुन्थ्यो । सामाजिक सोच, पूर्वाधारको अभाव र सीमित अवसरकाबीच छोरीहरूले ठूलो सपना बोकेर मैदानमा आउँथे । उनीहरूको आत्मविश्वास र साहस देख्दा एक दिन महिला क्रिकेटले अवश्य सफलता पाउने विश्वास जाग्थ्यो ।’

उनका अनुसार सन् २०१० देखि २०१५ सम्म महिला क्रिकेट लगभग ठप्पजस्तै भयो । प्रतियोगिता कम भए, खेलाडीहरू पलायन भए र विकासको गति सुस्तायो, यसले नयाँ खेलाडी उत्पादनमा समस्या भयो । सन् २०१७ पछि भने महिला क्रिकेटले पुनः नयाँ गति लिन थाल्यो । राष्ट्रिय खेलकुद परिषद्, क्यान र विभिन्न सरोकारवालाको पहलमा प्रधानमन्त्री कपलगायतका राष्ट्रिय प्रतियोगिताले महिला क्रिकेटलाई पुनर्जीवित गऱ्यो ।

क्रमशः पृष्ठ ५ मा

# खाडीको जीवनभन्दा गाउँ प्यारो

**डम्बर बुढामगर**/बागलुङ

हिजोआज तेजबहादुर घर्तीमगरलाई खाडीको जीवनभन्दा आफ्नै गाउँघरको जीवन प्यारो लाग्न थालेको छ । बडिगाड गाउँपालिका-९ बल्घास राँकीचौरका तेजबहादुर घर्तीमगरले लालाबालाको सुखका लागि खाडीमा १६ वर्ष जीवन बिताउँदा पनि आम्दानी बचाउन सकेनन् । अन्ततः गाउँ फर्किए । गाउँमा बाख्रापालन गर्न पत्नी कुश्माले सहयोग गर्न थालिन् । आम्दानीबाट केही अंश बचत भयो । परिवार खुसी भए । उनलाई पनि क्रमशः आफ्नै गाउँ प्यारो लाग्न थाल्यो ।

खोरमा हुर्किंदै गरेका पाठापाठीमा आफ्नो र परिवारको भविष्य देखेका तेजबहादुरले परिवारलाई श्रमको महत्त्व र मिहेनतको फलका सम्बन्धमा बुझाउन सकेका छन् । उनका सन्तति बिहान उठेदेखि राति नसुतुञ्जेलसम्म बाख्राकै स्याहारमा तल्लीन छन् । खोरमा रहेका दर्जनौं बाख्राका लागि घाँसपानी जोहो गर्दागर्दै थकित हुन्छन् । लखतरान घर्ती भर्खरै जन्मिएर हुर्किंदै गरेका पाठीपाठी छेउमै बस्दा दुःख बिर्सन्छन् ।

उनले गाउँमा आफ्नो भविष्य देखेका छन् । खेतबारी काल्नाखोल्सा तथा खेर गइरहेका सबै बाँझो जमिनमा घाँस रोपेका छन् । सानाठूला गरी ७० बाख्राका लागि घाँस खोज्न टाढा जानु पर्दैन । खोर आधुनिक ढंगले निर्माण गरेका छन् । ४३ वर्षीय घर्तीको जोसजाँगर देखेर स्थानीय पनि पशुपालनमा जुटेका छन् ।

विदेशमा १८ घण्टा काम गर्दा पनि राम्रो कमाइ भएन । गाउँमा थोरै लगानी र कम मिहेनतमा परिवारसँगै बसेर बाख्रापालन गर्न थालेपछि उनको जीवनमा परिवर्तन आयो ।

उनले तीन वर्षअघि कृषि फार्म दर्ता गरे । व्यावसायिकरूपमा बाख्रापालन पेसा गर्न थालेपछि बैंकले कर्जा दिन थाल्यो । क्रमशः वित्तीय साक्षरताका बारेमा अनुभव पनि भयो । बचतपछि खर्च गर्ने बानीले उनीहरूलाई समृद्धिको बाटोमा डोऱ्याएको छ ।

तेजबहादुरको खोरमा बाख्राको संख्या बढ्दै गएका छन् । अब, उनले मासुपसल खोल्ने सोच बटुलेका छन् । सुरुमा घरकै आठवटा बाख्राबाट सुरु गरेको उनको खोरमा अहिले १५० बाख्रा पुगेका छन् ।

उनी भन्छन्, ‘धेरै वर्ष विदेशमा बिताइयो भने जस्तो कमाइ भएन, गाउँ आएर बाख्रापालन थालेको हुँ, राम्रो आम्दानी हुँदै गएको छ,’ घर्तीले भने, ‘सुरुमा ठूलो लगानी गर्न सकिएन । घरमा पाल्दै आएका आठ वटा बाख्रालाई व्यवस्थितरूपमा पाल्ने योजना बनाएर सुरु गरेको हुँ, अहिले राम्रो छ ।’ घर्तीलाई उनकी श्रीमती कुश्माले साथ दिएकी छन् । एक लाख ५० हजार रूपैयाँको लगानीबाट सुरु गरेको बाख्रापालनमा हालसम्म १५ लाख रूपैयाँ खर्च भइसकेको छ ।

उनले बर्सेनि ६० वटा खसीबोका बिक्री गर्छन् । घर्ती दम्पतीले बाख्राको रेखदेख गर्न नभ्याएकाले गाउँका दुई जनालाई रोजगारी दिएका छन् । तेजबहादुरले भने, ‘विदेशमा दुःख गरेर घर खर्च पठाउन मुस्किल हुन्थ्यो, कडा परिश्रम गर्दा बिरामी परिन्थ्यो, त्यतिबेला घरपरिवारको धेरै याद आउँथ्यो, अहिले परिवार सँगसँगै छौं, सँगै दुःख गरेका छौं, सञ्चो बिसञ्चो सबै थाहा हुन्छ, आफ्नो काम मन लाग्दा गरे भो, थकाइ लाग्दा आराम गरे हुन्छ, विदेशमा जस्तो हुँदैन, धेरै कमाउन नसके पनि परिवार धान्न सहज भएको छ ।’



घर्ती दम्पतीको व्यवसाय प्रवर्द्धनका लागि बडिगाड गाउँपालिका, नेपाल गाजा डेभलभमेन्ट फाउण्डेसन र हेफर प्रोजेक्ट नेपालले तालिम, आधुनिक खोर निर्माण र बीउ बाख्रा दिएर सहयोग गरेको छ । घर्ती दम्पतीलाई बाख्रापालनले मिलनमात्र गराएको छैन, कुश्माका बारेमा कुरा काट्ने समाजको मुखमा बिर्कोसमेत लागेको कुश्मा घर्तीले बताइन् ।

> तेजबहादुरले गाउँमा आफ्नो भविष्य देखेका छन् । खेतबारी काल्नाखोल्सा तथा खेर गइरहेका सबै बाँझो जमिनमा घाँस रोपेका छन् । सानाठूला गरी ७० बाख्राका लागि घाँस खोज्न टाढा जानु पर्दैन । खोर आधुनिक ढंगले निर्माण गरेका छन् । ४३ वर्षीय तेजबहादुरको जोसजाँगर देखेर स्थानीय पनि पशुपालनमा जुटेका छन् ।

उनले भनिन्, ‘काम साना ठूलो हुँदैन, जसले जे जानेको छ, त्यही गर्नुपर्दो रहेछ, पहिले एक/दुई वटा बाख्रा पाल्न पनि मुस्किल हुन्थ्यो, अहिले धेरै पाल्दा पनि सहज लागेको छ, खोरमा भएका बाख्रा हाम्रो सम्पत्ति हुन्, यिनीहरूको स्याहारसुसार राम्रो गरियो भने राम्रो आम्दानी हुन्छ, अब दुई/चार पैसाका लागि अरुलाई गुहार्नु पर्दैन ।’ *रासस*




**प्रभातफेरी** | जिल्ला प्रशासन कार्यालय संखुवासभाको आयोजनामा शुक्रबार सदरमुकाम खाँदबारीमा लागुऔषध दुरूपयोग तथा अवैध ओसार पसारविरुद्धको दिवसमा निकाएको प्रभातफेरी । *तस्बिर: रासस*

# दक्षिण ललितपुरमा सञ्चार पहुँच कमजोर, विपद्को बेला झन् बढ्छ जोखिम

**ललितपुर–** राजधानी नजिकै रहेको दक्षिण ललितपुरको महांकाल गाउँपालिकाका अधिकांश बस्ती अझै पनि भरपर्दो सञ्चार सुविधाबाट वञ्चित छन् । सञ्चार सेवाको कमजोर पहुँचका कारण स्थानीय बासिन्दाले दैनिक जीवनदेखि आकस्मिक अवस्थामासमेत विभिन्न समस्या भोग्दै आएका छन् ।

महांकाल गाउँपालिकाका अध्यक्ष गणेशबहादुर केसीका अनुसार गाउँपालिकाले सञ्चार सेवा विस्तारका लागि पटक-पटक सम्बन्धित निकाय तथा नेपाल दूरसञ्चार प्राधिकरणसँग पहल गरे पनि अपेक्षित सुनुवाइ हुनसकेको छैन । उनले गाउँपालिकाका अधिकांश क्षेत्रमा नेपाल टेलिकमको नेटवर्क प्रभावकारीरूपमा सञ्चालन हुन नसकेको बताए ।

महांकाल गाउँपालिकामा साविकका बुखेल, मानिखेल, गोटिखेल, कालेश्वर, चन्दनपुर र ठुलादुर्लुङ गाविस समेटेर छवटा वडा कायम गरिएका छन् । यी वडाका धेरैजसो बस्तीमा मोबाइल नेटवर्क कमजोर रहेको स्थानीयको गुनासो छ । कतिपय स्थानमा घरभित्र बसेर फोन गर्न वा इन्टरनेट चलाउन नसकिने अवस्था रहेको छ भने नेटवर्क खोज्दै डाँडाकाँडा पुग्नुपर्ने बाध्यता अझै कायम छ ।

अध्यक्ष केसीले स्थानीयवासीले सञ्चार समस्याबारे निरन्तर गुनासो गर्ने गरेको बताउँदै वर्षौंदेखि समस्या समाधानका लागि प्रयास गरिए पनि सम्बन्धित निकायको पर्याप्त ध्यान नपुगेको बताए । उनका अनुसार कतिपय गाउँमा रातिको समयमा समेत घरबाहिर निस्केर नेटवर्क खोज्दै फोन गर्नुपर्ने अवस्था छ ।

गाउँपालिकाकी उपाध्यक्ष डोल्मामाया गोलेले गाउँपालिकाको केन्द्र गोटिखेलस्थित कार्यालयपरिसरमै सञ्चार सेवाको समस्या रहेको जानकारी दिइन् । उनले फाइबर नेट जडान तथा सबै वडामा गुणस्तरीय सञ्चार सेवा विस्तारका लागि विभिन्न निकायमा पटकपटक निवेदन दिइएको भए पनि हालसम्म समाधान ननिस्किएको बताइन् ।

उपाध्यक्ष गोलेका अनुसार सञ्चार सेवाको अभावले विशेषगरी विपद् व्यवस्थापन र स्वास्थ्य सेवामा गम्भीर असर परेको छ । वर्षायाममा बाढीपहिराको जोखिम बढ्ने भएकाले समयमै सूचना आदानप्रदान हुन नसक्दा स्थानीय बासिन्दा थप जोखिममा पर्ने गरेका छन् । बिरामीको अवस्था गम्भीर हुँदा एम्बुलेन्स वा सम्बन्धित निकायसँग तत्काल सम्पर्क गर्न कठिन हुने समस्या पनि रहेको उनले उल्लेख गरिन् ।

सञ्चार सेवा कमजोर हुँदा गाउँपालिकाको प्रशासनिक कामकाजमा पनि असर परेको छ । विद्युत् अवरुद्ध भएको अवस्थामा आवश्यक कागजात तथा सिफारिस सम्बन्धित निकायमा पठाउन समस्या हुने गरेको स्थानीय जनप्रतिनिधिको भनाइ छ । डिजिटल प्रविधिमा आधारित सरकारी सेवाको विस्तार भइरहेका बेला आधारभूत सञ्चार पूर्वाधारको अभावले सेवा प्रवाहमा चुनौती थपिएको छ ।

प्राकृतिक स्रोत, धार्मिक तथा सामाजिक महत्वका क्षेत्रहरूले सम्पन्न महांकाल गाउँपालिकाको मुख्य आर्थिक आधार कृषि व्यवसाय हो । स्थानीय आम्दानीको अर्को प्रमुख स्रोत वैदेशिक रोजगारी रहेको छ । पछिल्ला वर्षहरूमा आधुनिक जीवनशैलीतर्फ आकर्षण बढ्दै गए पनि सञ्चार पूर्वाधारको कमजोर अवस्थाले विकासका सम्भावनामा असर पारेको स्थानीयवासी बताउँछन् । *रासस*

पृष्ठ ४ बाट क्रमशः

## मैदानमा...

क्यानले महिला क्रिकेटलाई दीर्घकालीन दृष्टिकोणका साथ अगाडि बढाउन थालेपछि खेलाडी उत्पादन, प्रशिक्षण र अन्तर्राष्ट्रिय सहभागितामा उल्लेखनीय सुधार आएको उनको भनाइ छ ।

आज नेपाली महिला क्रिकेटले यु-१९, एसिया कप हुँदै विश्व कपसम्मको यात्रा तय गरिसकेको छ । 'हिजो अन्तर ाष्ट्रिय प्रतियोगिता खेल्नु नै ठूलो उपलब्धि थियो, आज विश्वकप र एसिया कपमा प्रतिस्पर्धा गर्ने स्तरमा पुग्नु नेपाली महिला क्रिकेटको ऐतिहासिक फड्को हो,' उनले भने ।

महिला क्रिकेटको अर्को महत्त्वपूर्ण उपलब्धि आर्थिक आत्मनिर्भरता पनि भएको क्षेत्री बताउँछन् । 'एक समय खेलाडीहरूले आफ्नै खर्चमा खेल्नुपर्थ्यो । आज क्यानको केन्द्रीय र प्रदेशसम्झौतामा रहेर खेलाडीहरूले पारिश्रमिक पाउन थालेका छन् । यसले क्रिकेटलाई पेसागतरूपमा अघि बढाउने वातावरण बनाएको छ । सामान्य परिवारबाट आएका धेरै छोरीहरूले आज क्रिकेटमार्फत आफ्नो परिचय र भविष्य निर्माण गर्न तल्लीन छन्,' उनले भने ।

यद्यपि चुनौतीहरू अझै बाँकी रहेको क्षेत्रीको भनाइ छ । 'अहिले पनि धेरै जिल्लामा गुणस्तरीय मैदान, प्रशिक्षक, नियमित प्रतियोगिता र निजी क्षेत्रको लगानीको अभाव छ । ग्रामीण भेगका धेरै प्रतिभाशाली छोरीहरू अवसरको पहुँचभन्दा बाहिर छन् । उनीहरूलाई पहिचान गरी राष्ट्रिय प्रणालीमा जोड्नु आवश्यक छ,' उनले जोड दिए ।

आगामी अन्तर्राष्ट्रिय प्रतियोगितालाई लक्षित गर्दै क्षेत्रीले अहिलेदेखि नै तयारीमा जुट्नुपर्ने आवश्यकता औंल्याए । 'नेपालले अब सहभागितामात्र होइन, प्रतिस्पर्धात्मक सफलता हासिल गर्ने लक्ष्य राख्नुपर्छ । त्यसका लागि जिल्ला र प्रदेशस्तरबाट प्रतिभा पहिचान, नियमित प्रतियोगिता, वैज्ञानिक प्रशिक्षण र दीर्घकालीन योजना आवश्यक छ । आज लगानी गरिएका किशोरी खेलाडीहरू नै भोलि नेपालको अन्तर्राष्ट्रिय सफलताका आधार बन्ने छन्,' उनले भने ।

एउटा कठिन यात्राबाट आफ्नो गौरवमय पहिचान बनाउन सफल महिला खेलाडीको प्रत्येक ब्याटको प्रहारसँगै उनीहरूको आत्मविश्वास अझ बलियो बन्दै गएको छ । यही आत्मविश्वास, संघर्ष र सफलताको यात्राले समतामूलक, समावेशी र सशक्तीकरणको आधार निर्माण गरिरहेको छ । *रासस*

# पूर्वाधार निर्माणमा धवलागिरिको फड्को



**म्याग्दी (बेनी)–** म्याग्दीको धवलागिरि गाउँपालिकाले भवन पूर्वाधार निर्माणमा फड्को मारेको छ । साविकको मुना गाविसको भवनमा तला र कोठा थप गरी सेवा प्रवाह गर्दै आएको गाउँपालिकाले आफ्नै प्रशासकीय भवन निर्माणलाई अन्तिम चरणमा पुर्‍याएको छ । धवलागिरि-३ घट्टेखोलामा स्थानीयबाट १४ रोपनी जग्गा निःशुल्क प्राप्त भएपछि गाउँपालिकाले संघीय सरकारसँगको साझेदारीमा प्रशासकीय भवन निर्माणको योजना अघि बढाएको थियो ।

आर्थिक वर्ष २०७९/८० देखि निर्माण सुरु भएको उक्त भवनको काम अन्तिम चरणमा पुगेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत विष्णुप्रसाद शर्माले जानकारी दिए । चालु आर्थिक वर्षको अन्त्यसम्म सम्पूर्ण निर्माण सम्पन्न गर्ने तयारी गरिएको बताउँदै उनले हालसम्म करिब ९० प्रतिशत भौतिक प्रगति हासिल भएको जानकारी दिए ।

प्रतिष्ठा-जुम्ली-माछापुच्छ्रे जेभीसँग सात करोड ७१ लाख ८९ हजार ६६६ मा ठेक्का सम्झौता भएको थियो । निर्माण सामग्रीमा भएको मूल्यवृद्धि तथा संघीय सरकारले भुक्तानी कर तिर्नुपर्ने दायित्वको रकम आउन ढिलाइ हुँदा निर्माण प्रभावित हुँदै आएको ठेकेदार कम्पनीले जनाएको छ ।

निर्माण व्यवसायीलाई करिब तीन करोड रूपैयाँ भुक्तानी दिन बाँकी रहे पनि चालु आवको हालसम्म संघीय सरकारबाट ६० लाख रूपैयाँमात्रै बजेट आएको उल्लेख गर्दै थप बजेट प्राप्तिका लागि निरन्तर पहल भइरहेको प्रशासकीय अधिकृत शर्माले जानकारी दिए ।

'अन्तिमपटक थप भएको समयसीमाभित्रै काम सम्पन्न गराउनका लागि निर्माण व्यवसायीलाई ताकेता गरिरहेका छौं । चालु आवमा भवनको पूर्वाधार निर्माण सकिएमा आगामी आवको असोज/कात्तिकसम्म फर्निचरसहित अन्य पूर्वाधार व्यवस्थापन सकेर यही भवनबाटै सेवा प्रवाह सञ्चालन गराउनेगरी काम भइरहेको छ,' उनले भने ।

म्याग्दीका पाँच गाउँपालिकामध्ये प्रशासकीय भवन बनाउने पहिलो बनेको धवलागिरिको तीनतले भवनमा २७ वटा कोठा, एक-एक वटा सभाहल र बैठक कक्ष हुनेगरी पूर्वाधार निर्माण भइरहेको गाउँपालिकाका पूर्वाधार शाखा प्रमुख लोकेन्द्र रावलले बताए ।

गाउँपालिकाको प्रशासकीय भवनसँगै वडा कार्यालय, स्वास्थ्य चौकी भवन, सामुदायिक भवनहरू निर्माणले तीव्रता पाएका उनको भनाइ छ । धवलागिरि-७ ताकममा पाँच शयचा क्षमताको आधारभूत अस्पताल निर्माणाधीन अवस्थामा रहेको पूर्वाधार शाखा प्रमुख रावलले जानकारी दिए । उनका अनुसार गुर्जा, मल्कबाङ, मुना र मुदीमा स्वास्थ्य चौकीका नयाँ भवन निर्माण भएका छन् । लमसुङ र मराङमा यसअघि नै स्वास्थ्य चौकीको भवन निर्माण भएका थिए ।

सेवा प्रवाहलाई व्यवस्थित र प्रभावकारी बनाउनका लागि वडा कार्यालयको भवन निर्माणलाई समेत जोड दिइएको रावलले बताए । धवलागिरि-२, वडा नं ४ मुदी, वडा नं ६ मराङ र वडा नं ७ ताकममा वडा कार्यालयको नयाँ भवन निर्माण भइसकेको जनाउँदै पूर्वाधार शाखा प्रमुख रावलले वडा नं ५ मल्कबाङमा गाउँपालिकाले निर्माण गरेको बहुउद्देश्यीय सामुदायिक भवनबाट सेवा प्रवाह हुँदै आएको बताए ।

विद्यालय र अन्य निकायको साँघुरो भवनबाट सेवा प्रवाह गर्दै आएकामा वडा कार्यालयको आफ्नै भवन निर्माण भएपछि सेवा प्रवाह सहज भएको धवलागिरि-४ का वडाध्यक्ष यामबहादुर घर्तीले बताए । गाउँपालिकाले गुर्जामा वडा कार्यालयको भवन निर्माणको योजना बनाएको छ । धवलागिरि गाउँपालिकाले आगामी आर्थिक वर्षका लागि विद्यालय भवन, खेलमैदान, सामुदायिक स्वास्थ्य एकाइलगायत भौतिक पूर्वाधार निर्माणलाई प्राथमिकता दिएर नीति तथा कार्यक्रम र बजेट निर्माण गर्ने जनाएको छ । *रासस*


**कतारमा रोजगार** — कम्पनी : Aala Almuntazem trading and services-

पूर्व स्वीकृति मिति : २०८३/०३/१२ | LT. No. 344140 | चलानी नं. ६०२५७३९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant | 1 | 0 | 3600 | १,४८,३१९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Bag Packers | 7 | 0 | 1850 | ७६,२१९ | | | | | | | |
| 3 | BAGGAGE SERVICE AGENT | 2 | 0 | 1850 | ७६,२१९ | | | | | | | |
| 4 | CASHIER | 3 | 0 | 1850 | ७६,२१९ | | | | | | | |
| 5 | cleaner/labourer | 2 | 0 | 1850 | ७६,२१९ | | | | | | | |
| 6 | Forman | 5 | 0 | 2850 | १,१७,४१९ | | | | | | | |
| 7 | MESSENGER | 1 | 0 | 1850 | ७६,२१९ | | | | | | | |
| 8 | OFFICE WORKERS | 5 | 2 | 1850 | ७६,२१९ | | | | | | | |
| 9 | porter/helper | 5 | 0 | 1850 | ७६,२१९ | | | | | | | |
| 10 | Porters, Bell Boys | 5 | 0 | 1850 | ७६,२१९ | | | | | | | |
| 11 | SALES PERSON | 3 | 0 | 1850 | ७६,२१९ | | | | | | | |
| 12 | Supervisor | 3 | 0 | 2850 | १,१७,४१९ | | | | | | | |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार २० गते (4th Jul. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MOBHIRA H.R. SERVICE PVT. LTD.
Gaushala, Bijayachowk, Kathmandu BAGMATI, Tel : +977-1-4588855/4588856, mail: mobhirahr@gmail.com
श्रम ईजाजत नं. १००१/०६८/६९



**मलेसियामा रोजगार** — कम्पनी : PROFORCE SQUAD SDN.BHD.

पूर्व स्वीकृति मिति : २०८२/१०/२० | LT. No. 338237 | चलानी नं. ६०२५७३६२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 20 | 0 | 1700 | ६२,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार २० देखि २२ गते (4 to 6th Jul. 2026) सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

ASMITA INTERNATIONAL OVERSEAS P. LTD.
Panchakanya Marga -08, Kathmandu, Nepal, Tel: 01-4562547
E-mail : asmitainternational2013@gmail.com
Govt. License 771/065/066


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**साउदीमा रोजगार** — कम्पनी : AL-ABOODY FACTORY FOR CEMENT PRODUCTS

पूर्व स्वीकृति मिति : २०८३/०३/११ | LT. No. 344061 | चलानी नं. ६०२५७३७७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Drivers | 1 | 0 | 1800 | ७२,४९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार २१ गते (5th Jul. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

Nasser International Placement Services Pvt. Ltd.
Kupondole, Opposite to Kandev Temple, Kathmandu , Phone: + 977-01-4578566 | 4578866,
Anil Karki (Mobile No. 9862134075), Email: info@nasserplacement.com, Web: nasserplacement.com
श्रम ईजाजत नं. १९०/०५७/०५८


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**युएइमा रोजगार** — कम्पनी : UNIQUE ATTOCK SCAFFOLDING CONTRACTING L.L.C

पूर्व स्वीकृति मिति : २०८३/०३/१२ | LT. No. 344103 | चलानी नं. ६०२५७३७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolder | 5 | 0 | 1500 | ६१,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Scaffolder Supervisor | 2 | 0 | 2500 | १०२,५८५ | | | | | | | |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार २० गते (4th Jul. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

Seagull International Global H.R. Consultants Pvt. Ltd.
Sukedhara, Kathmandu, Nepal, Tel: 01-4375822/4375824, Mob: 9808818851, 9816060051, 9851015421, 9746458492, 9841781155, E-mail : cm.seagull55@gmail.com, Web: www.seagullnepal.com.np
LIC No. 407/060/61


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**मलेसियामा रोजगार** — कम्पनी : SEKURITI AZGAN SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०६/२४ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०३/१२ | LT. No. 332245 | चलानी नं. ६०२४५९१५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 6 | 0 | 1700 | ६२,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : AK TOP NOTCH SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०६/२२ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०३/१२ | LT. No. 332026 | चलानी नं. ६०२४५७१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 33 | 0 | 1700 | ६२,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार २० गते (4th Jul. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

GREAT NEPAL H.R PVT.LTD.
Chundevi-04, Kathmandu, Nepal, Ph. No: 01-4547074, Gulshan Kumar Yadav : 9820137108
E-mail : infogreatnepalhr2000@gmail.com, Web: www.greatnepalhr.com.np
Govt. License No. 1688/080/081


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**मलेसियामा रोजगार** — कम्पनी : K.E. MANUFACTURING SDN. BHD. — FREE VISA !! FREE TICEKT !!

पूर्व स्वीकृति मिति : २०८२/१२/१६ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०३/१२ | LT. No. 340287 | चलानी नं. ६०२५३७०७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/ Factory Worker | 1 | 0 | 1700 | ६२,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार २० गते (4th Jul. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

R. A. International Employment Agency Pvt Ltd
Basundhara-03 Metropolitan City, Kathmandu, Tel: +977-1-4016740, 4016760,4388035,
E-mail: rainternational81@gmail.com,Website www.rainternational.net
श्रम ईजाजत नं. १४०४/०७४/०७५


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**साउदीमा रोजगार** — कम्पनी : ADVANCED INSPECTION SERVICES COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०३/११ | LT. No. 344059 | चलानी नं. ६०२५७३५६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manufacturing Worker | 5 | 0 | 1200 | ४८,३३१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार २१ गते (5th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

Superb For Ultimate Manpower Solution Pvt.Ltd
Maligaun, Naxal, (Brihaspati School) Kathmandu, Nepal, Tel : +977-1-4521448
E-mail : info@superbultimate.com, Webiste :www.superbultimate.com


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**कतारमा रोजगार** — कम्पनी : CROWN POWER LINK CONTRACTING & CLEANING

पूर्व स्वीकृति मिति : २०८३/०३/११ | LT. No. 343921 | चलानी नं. ६०२५७३५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner / Public Building | 0 | 4 | 1000 | ४१,२४३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cleaner General | 0 | 10 | 1000 | ४१,२४३ | | | | | | | |
| 3. | Cleaner/helper | 0 | 6 | 1000 | ४१,२४३ | | | | | | | |
| 4. | Supervisor | 0 | 5 | 2500 | १,०३,५५८ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार २० गते (4th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

SWIFT H.R. SOLUTION PVT. LTD.
Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820
Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com
श्रम ईजाजत नं. ११९७/०७३/०७४


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २७८१०० | प्रति तोला – ० | प्रति तोला – ४१८० |



**मार्सीधान रोपाईं** | जुम्लाको तातोपानी गाउँपालिका–१ स्थित बाइराँकाका स्थानीयवासी खेतमा मार्सीधान रोप्दै ।

*तस्बिरः विजय रावत/रासस*

# ठूला लगानीकर्ताको विवरण पेस गर्न सहकारीलाई निर्देशन

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** राष्ट्रिय सहकारी नियमन प्राधिकरणले बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको नियमनलाई थप प्रभावकारी बनाउन नयाँ निर्देशन जारी गरेको छ । सहकारी ऐन, २०७४ को दफा १०३ 'ज' ले दिएको अधिकार प्रयोग गर्दै प्राधिकरणले नियामकीय (दोस्रो संशोधन) मापदण्ड-२०८२ अनुसार आवश्यक विवरण अद्यावधिक तथा पेस गर्न निर्देशन दिएको हो ।

उक्त निर्देशन अनुसार बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाले सम्बन्धित व्यक्तिहरूको विस्तृत पृष्ठभूमि (ड्यु डिलिजेन्स) सम्बन्धी विवरण नियमित रूपमा अद्यावधिक गर्न भनिएको छ । प्रचलित कानुनअनुसार मापदण्ड पालना गरेको स्वघोषणा, नाम, ठेगाना, पारिवारिक विवरण, वास्तविक धनी तथा हिताधिकारीको विवरण र नेपाल वा विदेशमा कुनै कसूरमा संलग्न भए वा नभएको घोषणा र भएको भए सोको विस्तृत विवरण र वर्तमान अवस्था अनिवार्य रूपमा समावेश गर्नुपर्ने व्यवस्था गरिएको छ ।

त्यस्तै, कुनै प्रकारको मुद्दा मामिला, अनुसन्धान, वैकल्पिक विवाद समाधान वा न्यायिक तथा प्रशासनिक कारबाहीमा संलग्न रहेको अवस्था, अदालत वा अधिकारप्राप्त निकायको आदेशअनुसार तिर्न बाँकी राजस्व वा सरकारी बक्यौता, नेपाल वा विदेशमा कालोसूचीमा परेको वा नपरेको विवरण पनि खुलाउनुपर्नेछ । स्वार्थको द्वन्द्व हुन सक्ने अवस्था विद्यमान रहे वा नरहेको विवरण, नेपाली नागरिक भए विदेशमा सम्पत्ति रहेको वा नरहेको तथा त्यस्तो सम्पत्तिमा वास्तविक धनी वा हिताधिकारी भए-नभएको घोषणा र वित्तीय आचरण (फाइनान्सियल साउन्डनेस) सम्बन्धी विवरणसमेत अद्यावधिक राख्नुपर्ने व्यवस्था गरिएको छ ।

प्राधिकरणले दर्ता अनुमति वा इजाजतका लागि निवेदन दिँदा, चुक्ता पुँजीको ५ प्रतिशत वा ५० लाख रूपैयाँभन्दा बढी शेयर वा पुँजी लगानी तथा खरिद गर्दा, संस्थाको सञ्चालक, प्रमुख कार्यकारी अधिकृत वा उच्च व्यवस्थापकीय पदमा नियुक्ति वा मनोनयन गर्दा तथा ५ प्रतिशत वा ५० लाख रूपैयाँभन्दा बढी शेयर वा पुँजीमा वास्तविक धनी वा हिताधिकारी रहँदा सम्बन्धित विवरण प्राधिकरणमा पेस गर्नुपर्ने व्यवस्था गरेको छ ।

# मेयर उदासले गरे कृषिबाटै छ लाख आम्दानी

**भोजपुर–** जनप्रतिनिधि भनेपछि प्रायः राजनीति र प्रशासनिक काममै सीमित हुने धारणाबीच भोजपुरको षडानन्द नगरपालिकाका प्रमुख सुरेन्द्रकुमार उदास भने फरक पहिचान बनाउन सफल भएका छन् ।

सार्वजनिक जिम्मेवारीलाई प्राथमिकतामा राख्दै बाँकी समय उत्पादनमूलक क्षेत्रमा लगानी र समर्पित भएर समृद्धिका लागि उदाहरण प्रस्तुत गरेका छन् ।

उदास भन्छन्, 'कृषि मेरो रुचिको विषय मात्र होइन, सम्भावनाको क्षेत्र पनि हो । नगरको जिम्मेवारीसँग कृषि कर्ममा पनि जुटेको छु ।' उनले कृषि कर्म आम्दानीको माध्यम मात्र नभई आत्मनिर्भरता र सम्मानजनक जीवनको आधार रहेको बताए ।

विगत ३५ वर्षदेखि निरन्तर व्यावसायिक रूपमा सुन्तलाखेती गर्दै आएका मेयर उदासले हाल १५ रोपनी क्षेत्रफलमा फैलिएको बगैँचामा करिब ३०० बोट सुन्तला हुर्काएका छन् । उनको अनुभव, निरन्तरता र मेहनतको संयोजनले सुन्तलाखेती सफल बन्दै गएको छ ।

सुन्तला बगैँचाबाट मात्रै वार्षिक रु छदेखि आठ लाखसम्म आम्दानी गर्दै आएका उदासले व्यावसायिक सुन्तलाखेतीबाट ग्रामीण भेगमै बसेर पनि स्थिर आम्दानी लिन सकिने सन्देश दिन सफल भएका छन् ।

कृषिमा विविधीकरणलाई जोड दिँदै उनले पाँच वर्षअघि २० रोपनी क्षेत्रफलमा आँप र लिचीखेती विस्तार गरेका थिए । अहिले उक्त क्षेत्रमा करिब २०० बोट आँप र २०० बोट लिची छ । विस्तार गरिएका केही बोटहरूले फलदिन सुरु गरेको छ । ती फलफूलका बोटले पूर्ण उत्पादनमा दिँदा वार्षिक रु २० देखि २५ लाखसम्म आम्दानी हुनेछ ।

दीर्घकालीन सम्भावना बोकेको कफीखेतीतर्फ पनि मेयर उदासको ध्यान गएको छ । दुई रोपनी क्षेत्रफलमा कफीखेती विस्तार गरी भविष्यमा थप आयको स्रोत निर्माण गर्ने प्रयास गरेका छन् । *रासस*

# ब्याज पुँजीकरणमा नयाँ व्यवस्था

## कार्यविधि बनाएर लागू गर्न राष्ट्र बैंकको निर्देशन

■ **प्रभाव संवाददाता**



**काठमाडौं–** नेपाल राष्ट्र बैंकले ब्याज पुँजीकरण सम्बन्धी नयाँ व्यवस्था गरेको छ । राष्ट्र बैंकले इजाजतपत्रप्राप्त 'क', 'ख', 'ग' वर्गका बैंक तथा वित्तीय संस्थाहरूलाई जारी गरिएको एकीकृत निर्देशन, २०८२ मा संशोधन/परिमार्जन/थप गरी नयाँ नियम ल्याएको हो ।

संशोधित व्यवस्था अनुसार इजाजतपत्रप्राप्त संस्थाले कर्जा सम्झौता पत्रमा उल्लेख गरी दीर्घकालीन प्रकृतिको परियोजनामा कर्जा प्रवाह गर्दा उक्त परियोजनाको व्यावसायिक सञ्चालन/उत्पादनबाट नगद आप्रवाह नहुँदासम्मको ग्रेस अवधिमा पाकेको ब्याजलाई पुँजीकरण गर्न सक्नेछन् ।

ब्याज पुँजीकरण गर्ने सम्बन्धमा इजाजतपत्रप्राप्त संस्थाले विभिन्न आधारहरू समेत समावेश गरी कार्यविधि बनाई लागु गर्नुपर्नेछ । जसमा ब्याज पुँजीकरण गरिने क्षेत्रहरू, परियोजनाको नगद प्रवाहको यथार्थपरक विश्लेषण, पुँजीकृत गरिएको ब्याजको भुक्तानी सम्बन्धी सर्तहरू, प्रस्तावित पुँजी योजना तथा सोको आधार, प्रस्तावित कर्जा स्वपुँजी अनुपात रहेका छन् ।

साथै, ब्याज पुँजीकरण गर्ने निर्णय सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाको सञ्चालक समितिबाट गर्नुपर्नेछ । एक पटक तय गरेको ग्रेस अवधि थप गरी ब्याज पुँजीकरण गरेको खण्डमा उक्त कर्जा पुनर्संरचना गरेको मानिनेछ र सोहीबमोजिम कर्जा वर्गीकरण गरी न्यूनतम २५ प्रतिशत कर्जा नोक्सानी व्यवस्था कायम गर्नुपर्नेछ ।

तर, जलविद्युत् आयोजना सम्पन्न भई उत्पादन प्रारम्भ गरे तापनि प्रसारण लाइन निर्माण नभएको कारण पूर्ण क्षमतामा सञ्चालन हुन नसकेका आयोजनाको हकमा प्रसारण लाइन निर्माण भई सञ्चालनमा नआउँदासम्मको लागि ब्याज रकमलाई खुद बिक्री आम्दानीले नधानेको हदसम्म आंशिक रूपमा पुँजीकरण गर्न सकिनेछ । त्यस्तो कर्जालाई पुनर्संरचना गरेको मानिनेछैन ।

प्राकृतिक प्रकोप वा हुलदङ्गा लगायतका ऋणीको काबु बाहिरको परिस्थितिजन्य कारणले परियोजना सञ्चालन गर्न नसकिने गरी क्षति भई उक्त व्यवसाय पुनः सञ्चालन गर्न कम्तीमा २ वर्षभन्दा बढी समय लाग्ने भएमा त्यस्ता कर्जाको भाखा नाघेको सम्पूर्ण साँवा तथा ब्याज असुल भई ग्रेस अवधि प्रदान गरेको खण्डमा उक्त ग्रेस अवधिमा पाकेको ब्याज पुँजीकरण गर्न सकिनेछ ।

त्यस्ता कर्जालाई पुनर्संरचना गरेको मानिनेछ र सोहीबमोजिम वर्गीकरण गरी न्यूनतम १२.५ प्रतिशत कर्जा नोक्सानी व्यवस्था कायम गर्नुपर्नेछ । पुनर्संरचना वा पुनर्तालिकीकरण गरिएको कर्जाको भाखा नाघेको ब्याजलाई पुँजीकरण गर्न पाइने छैन । ग्रेस अवधिको ब्याजलाई पुँजीकरण गर्दा पुँजीकृत ब्याज रकमलाई इन्ट्रेस क्यापिटलाइज्ड टर्म लोन शीर्षकमा छुट्टै लेखांकन गर्नु पर्नेछ ।

परियोजनाको नगद प्रवाह विश्लेषण गरी भुक्तानी अवधि सम्बन्धित बैंक तथा वित्तीय संस्थाले तोक्न सक्नेछ । दीर्घकालीन परियोजना भन्नाले परियोजनाको व्यावसायिक सञ्चालन/उत्पादनबाट नगद आप्रवाह शुरु हुन कम्तीमा २ वर्ष लाग्ने परियोजना बुझ्नु पर्नेछ ।

इजाजतपत्रप्राप्त संस्थाले वित्तीय अपराध न्यूनीकरणका लागि आवश्यक समन्वय गर्न कुनै कसुरको अनुसन्धान गर्ने वा कानून कार्यान्वयन गर्ने अधिकारीको मौखिक/लिखित अनुरोधमा वित्तीय अपराधसँग सम्बन्धित बैंक खाता अल्पकालीन अवधिका लागि रोक्का राख्न २४-७ कार्य गर्ने गरी आवश्यक व्यवस्था मिलाउनु पर्नेछ । कुनै कसुरको अनुसन्धान गर्ने वा कानून कार्यान्वयन गर्ने अधिकारीले इजाजतपत्रप्राप्त संस्थासँग विवरण माग गरेमा सोझै यथाशीघ्र उपलब्ध गराउने व्यवस्था मिलाउनु पर्ने संशोधित व्यवस्थामा उल्लेख छ ।

## नेप्सेमा झिनो अंकको गिरावट

**काठमाडौं (प्रस)–** धितोपत्र बजारका शेयर कारोबार मापक नेप्से परिसूचक शुक्रबार झिनो अंकले ओरालो लागेको छ ।

नेपाल स्टक एक्सचेञ्जका अनुसार, नेप्से परिसूचक दुई अंकले ओरालो लागेर दुई हजार ६४९ दशमलव ५१ मा पुगेको भएको छ । ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक शुन्य दशमलव ५५ अंकले ओरालो लागेर ४५७ दशमलव ६८ मा पुगेको भएको छ ।

कूल ३५९ कम्पनीको ७७ लाख २७ हजार ६४९ कित्ता शेयर रु तीन अर्ब ९४ करोड ५८ लाख चार हजार ५५२ मूल्यमा खरिद बिक्री भएको छ ।


**गर्मी मौसममा सावधानी अपनाऔं, सुरक्षित बनौं**

- पर्याप्त मात्रामा सफा पानी, स्वच्छ खाना तथा तरल पदार्थ सेवन गरौं,
- अत्यधिक घाममा लामो समयसम्म नबसौं,
- चर्को घाममा बाहिर निस्कँदा छाता, टोपी र पातलो कपडा प्रयोग गरौं,
- जंकफूड, बासी, सडेगलेका तथा दूषित खानेकुरा नखाऔं,
- बालबालिका, ज्येष्ठ नागरिक तथा बिरामीको विशेष हेरचाह गरौं,
- तातो हावाका कारण लुका लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं,
- घर तथा कार्यस्थललाई स्वच्छ, सफा र शितल राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# नेपालमा इन्फिनिक्सको 'स्मार्ट २०' सार्वजनिक

**काठमाडौं (प्रस)–** इन्फिनिक्सले नेपाली बजारमा नयाँ स्मार्टफोन 'स्मार्ट २०' सार्वजनिक गरेको छ । कम्पनीले कृत्रिम बुद्धिमत्तामा आधारित सञ्चार सुविधा, लामो ब्याट्री ब्याकअप, आकर्षक डिजाइन तथा भरपर्दो कार्यसम्पादनसहित उक्त स्मार्टफोन बजारमा ल्याएको जनाएको छ ।

कम्पनीका अनुसार स्मार्ट २० मा आवाजलाई स्पष्ट बनाउने प्रविधि, १२० हर्ज रिफ्रेस रेट भएको ६.७८ इन्चको डिस्प्ले, शक्तिशाली प्रोसेसर तथा ५ हजार २०० एमएएच क्षमताको ब्याट्री उपलब्ध छ । साथै, मोबाइल नेटवर्क नहुँदा पनि सीमित दूरीसम्म कल तथा सन्देश आदानप्रदान गर्न सकिने सुविधा यसमा समावेश गरिएको छ । स्मार्टफोनमा कृत्रिम बुद्धिमत्तामा आधारित लेखन,



गीत पहिचान, कागजात स्क्यान, स्पिकर सफा गर्ने, एक-ट्याप खोज तथा भर्चुअल सहायकलगायतका स्मार्ट सुविधाहरू उपलब्ध रहेको कम्पनीले जनाएको छ ।

यस्तै, पानी र धुलोबाट सुरक्षित रहने, भिजेको हातले पनि सहज रूपमा प्रयोग गर्न मिल्ने तथा सामान्य उचाइबाट खस्दा समेत सुरक्षित रहने गरी यसको डिजाइन गरिएको कम्पनीको दाबी छ ।

इन्फिनिक्स स्मार्ट २० को ४ जीबी र्‍याम र ६४ जीबी भण्डारण क्षमता भएको मोडलको मूल्य १९ हजार ९९९ रूपैयाँ तथा ४ जीबी र्‍याम र १२८ जीबी भण्डारण क्षमता भएको मोडलको मूल्य २१ हजार ९९९ रूपैयाँ तोकिएको छ ।

कम्पनीका अनुसार स्मार्ट २० नेपालभरका आधिकारिक बिक्रेता तथा स्मार्टफोन बिक्री केन्द्रहरूमा उपलब्ध भइसकेको छ ।


अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक